# प्रहरी दर्पण २०५३

# POLICE MIRROR 1996











## माननीय गृह मन्त्रीज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४८ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा नेपाल प्रहरीले सदा झैं यस वर्ष पनि "प्रहरी दर्पण-२०५३" प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु। नेपाल प्रहरीको वर्ष भरिका विविध गतिविधिहरु समेटेर प्रकाशित हुन लागेको "प्रहरी दर्पण-२०५३" बाट सर्वसाधारण जनतामा प्रहरी गतिविधिहरुको जानकारी हुनेछ । यसबाट देशको शान्ति व्यवस्था कायम राख्न अहोरात्र खट्ने प्रहरी प्रतिको जन आस्था बढ्नेछ भन्ने विश्वास लिएको छु। यस प्रकाशनको सम्पूर्ण सफलताको कामना गर्दछु।

## A Message From Hon. Home Minister

I am pleased to note that, as always, Nepal Police is publishing *Police Mirror* 2053 on the auspicious occasion of *Her Majesty the Queen's* 48th Birthday. It is heartening to note that the general readers will be informed about the activities of Nepal Police through this publication which constitutes a packaged account of year-round activities.

I am certain that this will strengthen public confidence on the Nepal Police who make incessant efforts in maintaining peace and security in the country. I wish this publication all success.

खुम बहादुर खड्का
गृह मन्त्री

Khum Bahadur Khadka
Home Minister



# माननीय गृह सहायक मन्त्रीज्यूको सन्देश

सदा झैं यस वर्ष पनि श्री ५ बडामहारानी सरकारको शुभ जन्मोत्सवको अवसरमा नेपाल प्रहरीद्वारा "प्रहरी दर्पण" पत्रिका प्रकाशन हुन लागेको सुन्दा मलाई खुशी लागेको छ ।

देशमा शान्ति सुरक्षा कायम राखी जन विश्वास जित्न नेपाल प्रहरीले हालका वर्षहरुमा सफलता प्राप्त गरेको अनुभव सबै तर्फ भएको छ । आगामी वर्षहरुमा पनि नेपाल प्रहरी आफ्नो उद्देश्य र कर्तव्यमा अडिग रहनेछ भन्ने पूर्ण विश्वासका साथ यस "प्रहरी दर्पण-२०५३" को सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

# A Message From Assistant Home Minister

It gives me great pleasure to note that Police Headquarter is publishing the annual issue of *Police Mirror* as usual, to mark the 48th auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah. It is indeed heartening to see that apart from the sensitive task of crime investigation and control as well as maintaining peace and security, Nepal Police also publishes the *Police Mirror* which contributes to the efficient discharge of duty. My best wishes for the success and continuity of this publication.

दीपक प्रकाश बाँस्कोटा
गृह सहायक मन्त्री

Deepak Prakash Baskota
Assistant Home Minister



## गृह सचिवज्यूको सन्देश

श्री ५ बडामहारानी सरकारको ४८ औं शूभ-जन्मोत्सवको अवसरमा मौसुफको अटल सौभाग्य, आरोग्य र दीर्घायूको कामना गर्दछु । यस उपलक्ष्यमा सदा झैं यस वर्ष पनि नेपाल प्रहरीले "प्रहरी दर्पण" पत्रिका प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ ।

प्रहरी गतिविधिका विविध क्षेत्रमा भएका प्रयासहरुको झलक दिने यस किसिमको प्रकाशन प्रहरी परिवारका साथै अन्य पाठकहरुकालागि पनि रुचिपूर्ण हुने आशा राख्दै पत्रिकाको निरन्तरताको कामना गर्दछु ।

## The Home Secretary's Message

On the auspicious occasion of Her Majesty the Queen's 48th Birthday, I wish Her Majesty long life, good health and prosperity. I am happy to know that Nepal Police is publishing *Police Mirror* as always to mark the occasion.

Hoping that this issue containing the year round activities of Nepal Police will prove to be interesting reading material for the Police force and the general public, I wish this publication success and continuity.

पदम प्रसाद पोखरेल
सचिव, गृह मन्त्रालय

Padam Prasad Pokharel
Secretary, Home Ministry



## प्रहरी महानिरीक्षकको सन्देश

श्री ५ बडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ४८ औं शुभ-जन्मोत्सवको पावन अवसरमा नेपाल प्रहरीको तर्फबाट मौसुफ सरकारको सु-स्वास्थ्य, दिर्घायु एवं अटल सौभाग्यका लागि हार्दिक मंगलमय शुभ-कामना बिन्ती चढाउंछु। नेपाल प्रहरी "सत्य सेवा सुरक्षणम्"को आफ्नो मूलमन्त्रलाई चरितार्थ गर्दै समाजमा शान्ति सुव्यवस्था कायम राख्न निरन्तर कृयासिल रहि आएको छ। राष्ट्रको राजनैतिक, सामाजिक, आर्थिक क्षेत्रमा भएका परिवर्तनलाई आत्मसाथ गरी तदनुरुप प्रहरी संगठनले आफुलाई परिमार्जन गर्दै लगेको छ। दैनन्दीन भोग्नु परेका शान्ति सुरक्षा सम्वन्धि समस्याहरु हुन् वा राष्ट्रिय विपत्तिका क्षणहरु, सबै अवस्थामा नेपाल प्रहरीले आफुलाई अग्रपंक्तिमा राखी कर्तव्य निर्वाह गर्दै आएको छ।

प्रहरीको यिनै कार्य क्षेत्रहरुसंग पहिचान गराउन र वर्ष भरी विभिन्न आरोह अवरोहहरुमा प्रहरी गतिविधिहरुको जानकारी दिने उद्देश्यले विगतका एक दशक भन्दा अघि देखी "प्रहरी दर्पण" वार्षिक प्रकाशनको रुपमा प्रस्तुत हुंदै आएको छ। सदा झैं यस वर्ष पनि यो "प्रहरी दर्पण" सांचो अर्थमा नेपाल प्रहरी कै "प्रतिविम्व" बन्न सक्षम हुनेछ भन्ने विश्वास लिएको छु। अन्तमा, सम्पादक मण्डल लगायत पत्रिका प्रकाशनको क्रममा सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

## Message From The Inspector General of Police

On the 48th auspicious birthday of Her Majesty Queen Aishwarya Rajya Laxmi Devi Shah, I, on behalf of Nepal Police, wish Her Majesty's good-health, long-life and prosperity. Upholding the lofty motto, "truth, service and security," Nepal Police has always made an endless effort in maintaining peace and order in the society. Taking into consideration the changes in political, social and economic sectors, the police organization has adopted timely changes in tune with the times. Nepal Police has always taken the lead in fulfilling its duty on all occasions, be it moments of crisis of the nation, or problems related to everyday peace and security.

To reflect the areas of operation and to inform various activities, difficulties and obstacles faced by the police, the *Police Mirror* is being published for the past decade. I have the confidence that, as always, *Police Mirror* will prove to be a true reflection of Nepal Police. In conclusion, I wish to extend sincere thanks to the Board of Editors and all those who have contributed in the publication of this magazine.

प्रहरी महानिरीक्षक
मोतीलाल बोहरा

Motilal Bohara
Inspector General of Police

## Editorial Board　　　सम्पादक मण्डल




*सम्पादक मण्डल*

*प्रधान सम्पादक*

प्र.व.उ. श्याम भक्त थापा

*सम्पादकहरु*

प्र.उ. ज्ञानेन्द्र बिक्रम महत

प्र.ना.उ. दिनकर शम्शेर ज.ब.रा

प्र.ना.उ. नवराज ढकाल

प्र.ना.उ. सागर थपलिया

प्र.ना.उ. उपेन्द्र कान्त अर्याल

प्र.ना.उ. पूर्ण चन्द्र अधिकारी

प्र.ना.उ. नवराज सिलवाल

प्र.नि. मिन प्रसाद पौड्याल

*तस्वीरहरु*

प्र.ना.नि.कैलाश राई

छायाँ चित्रकारीता शाखा

प्रहरी प्रधान कार्यालय

*प्रकाशक*

प्रहरी दर्पण प्रकाशन समिति

प्रहरी प्रधान कार्यालय

**प्रहरी दर्पण**

वार्षिक प्रकाशन

दर्ता नं. ०१।०४१

*सल्लाहकार मण्डल*

*प्रमुख सल्लाहकार*

प्र.अ.म.नि. अच्यूत कृष्ण खरेल

*सल्लाहकारहरु*

प्र.ना.म.नि. प्रदीप शम्शेर ज.ब.रा.

प्र.ना.म.नि. कृष्ण मोहन श्रेष्ठ

प्र.ना.म.नि. ढालमान थापा

प्र.ना.म.नि. राम बहादुर थापा

प्र.ना.म.नि. रमेश राज लामा

***Advisory Board***

***Chief Advisor***

A.I.G.P. Achyut Krishna Kharel

***Advisors***

D.I.G.P. Pradeep SJB Rana

D.I.G.P. Krishna Mohan Thapa

D.I.G.P. Dhalman Thapa

D.I.G.P. Ram Bahadur Thapa

D.I.G.P. Ramesh Raj Lama





***Editorial Board***

***Chief Editor***

S.S.P. Shyam Bhakta Thapa

***Editors***

S.P. Gyanendra Bikram Mahat

Dy.S.P. Dinakar S.J.B. Rana

Dy.S.P. Navaraj Dhakal

Dy.S.P. Sagar Thapalia

Dy.S.P. Upendra Kant Aryal

Dy.S.P. Purna Chandra Adhikari

Dy.S.P. Nawaraj Silwal

Inspector Min Prasad Poudyal

***Photographs***

S.I. Kailash Rai

Photography Section, Nepal Police

***Publisher***

Police Headquarters



**Police Mirror**

An Annual Publication

Regd. No. 01/041

# सम्पादकीय

नेपाल प्रहरी आफ्नो मूल्य र मान्यताहरु प्रति सचेष्ठ रही समग्र राष्ट्रको सर्वाङ्गीण विकासका लागि शान्ति एवं सुव्यवस्था प्रमुख आधार भएको तथ्यलाई हृदयङ्गम गर्दै प्रगतिशिल, दक्ष एवं जन आंकाक्षा अनुरुपको सेवा प्रदान गर्न सतत: प्रयत्नशिल रहेको छ ।

आफ्नो स्थापनाकाल देखी नै राष्ट्रको सामाजिक, राजनैतिक र आर्थिक क्षेत्रमा आएका विभिन्न उतार चढावहरु बावजुद प्रहरी संगठनले निस्पक्षता, कर्तब्यनिस्ठता तथा बफादारीताको परिचय दिएको छ । आज नेपाल प्रहरी, प्रहरी शक्तिको सट्टा प्रहरी सेवाको रुपमा प्रतिस्थापित हुन संकल्पित छ र यस दिशामा सकारात्मक परिणाम समेत देखा परेको सर्वत्र महसुस गरिएको छ ।

नेपाल प्रहरीको वार्षिक प्रहरी गतिविधीहरुका समग्र पाटाहरुसंग पाठक वर्गलाई परिचित गराउने उदेश्यले प्रकाशित हुंदै आएको "प्रहरी दर्पण" को १३ औं अंक यहाहरु समक्ष प्रस्तुत गर्न पाउंदा हामीलाई खुशी लागेको छ । यस प्रकाशनलाई आगामी दिनहरुमा अझ बढी परिस्कृत र परिमार्जित गर्न पाठकवर्गबाट रचनात्मक सुझावको अपेक्षा राख्दै पत्रिका प्रकाशनको क्रममा मद्दत गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

# Editorial

Nepal Police, aware as it is, of its values and ideals, upholding peace and tranquillity as its primary basis for the all round development of the country has always maintained an effort in providing dynamic and efficient services as per the aspirations of the general public. Since its very inception, Nepal Police has demonstrated its identity of executing its duties impartially, with dedication and obedience, despite the social, political and economic upheavals witnessed by the nation.

Today, Nepal Police has established its image as police service rather than police power and the implications of this positive image can be discerned on all fronts. We are pleased to present the 13th issue of *Police Mirror* to acquaint our beloved readers about annual police activities.

We anticipate creative comments and suggestions from our readers in order to make this publication informative and to impart greater reading value in the days to come. We also take this opportunity to extend our sincere gratitude to all those who have extended their co-operation in the publication of this issue.

# विषय सुचि








| | |
|---|---|
| श्रृजनाका पाईलाहरु | १६ |
| नेपाल प्रहरीमा मानवीय श्रोतको विकास | २७ |
| अन्तरराष्ट्रिय प्रहरी सहयोग कार्यक्रम | ३२ |
| विश्व शान्ति स्थापना | ३५ |
| सामुदायिक प्रहरी | ३७ |
| अपराध अनुसन्धानमा परिमार्जनका प्रयास | ४० |
| नेपालमा लागु औषधको वर्तमान स्थिती | ४४ |
| ट्राफिक | ४७ |
| प्रहरी कल्याण | ५१ |
| खेलकूदमा प्रहरी | ५२ |
| कम्प्युटर नेटवर्किङ | ५७ |
| शुभ-जन्मोत्सव | ६२ |
| बिटिङ द रिट्रिट | ६४ |
| शुभ गद्धी आरोहणको रजत महोत्सव | ६८ |
| प्रहरी परिवार महिला गतिविधि | ७२ |
| सँस्मरण | ७५ |
| सचित्र समाचार | ७९ |
| वार्षिक प्रहरी गतिविधि | ९५ |

# Contents


21 March Towards Creative Endeavor

29 Making Professionals

34 Police Cooperation Program

36 Participation of Nepal Police

39 Community Police

43 Modern Approach to Investigation

46 Review of Drugs Related Problems

48 Traffic Challenges

52 Police Welfare

55 Sports and Nepal Police

58 Computer Networking

63 Birthday Celebration

65 Beating The Retreat

69 Silver Jubilee Celebrations

73 Police Family Women's Association

75 Memories

79 Photo Feature

95 Calendar of Events










*नव निर्मित केन्द्रीय प्रहरी पुस्तकालय तथा सग्रंहालय ।*
*Newly built Central Police Library and Museum.*

# श्रृजनाका पाईलाहरु

आज नेपाल प्रहरी जुन बिन्दुमा आईपुगेको छ त्यो एक व्यक्ति वा कुनै समय-कालको मात्र उपलब्धी होइन । नेपाल प्रहरीको स्थापनाकाल देखि नै भएका प्रहरी महानिरीक्षकज्यूहरु तथा नेपाल प्रहरीमा सेवा गरेका प्रत्येक प्रहरीहरुको अथक परिश्रम र लगनशीलताको परिणति हो वर्तमान अवस्था । यस अवसरमा हामी नेपाल प्रहरीका प्रत्येक सदस्य आफ्नो जीवनको बहुमुल्य क्षण प्रहरीका लागि समर्पण गर्नु हुने हाम्रा अग्रजहरुलाई श्रद्धाका साथ स्मरण गर्दछौं ।

जनआकांक्षा अनुरुप सुदृढ र व्यावसायिक प्रहरी सेवा प्रदान गर्न हालका वर्षहरुमा विविध प्रयासहरु गरिएका छन् । प्रहरी स्वयंमा दक्षता अभिबृद्धि र प्रहरी प्रतिको सकारात्मक जन-धारणा विकासका लागि भएका प्रयासहरु र उपलब्धीको परिप्रेक्षमा विगतको ३/४ वर्षलाई एक विहंगम् दृष्टि पुऱ्याई आंकलन गर्ने हो भने यस अवधिमा भएका ठोस प्रयास, उपलब्धी र त्यसको भावी प्रभावले प्रहरी विभागको भविष्यलाई एउटा निश्चित मार्गदर्शन गरेको छ । यस अवधिमा संगठन सुदृढीकरणको क्षेत्रमा भएका प्रगतिहरु विष्लेषण गर्ने हो भने प्रहरी सेवाका विविध पक्षमा निम्न उपलब्धी भएको पाउंछौं ।

## १. *संगठन विकास तथा विस्तार*

प्रहरी संगठनको विशिष्टीकरण र विविधिकरण गर्ने क्रममा प्रहरी प्रधान कार्यालयमा विभागहरुको स्थापना, तालीम निर्देशनालयको स्थापना कार्य पुरा भै ट्राफिक सेवालाई सुव्यवस्थित गर्न छुट्टै ट्राफिक प्रहरी निर्देशनालय र राजधानी प्रहरीको स्थापना गर्ने तर्फ गृह कार्य समाप्त भई श्री ५ को सरकार समक्ष प्रतिवेदन प्रस्तुत गरि सकिएको छ । जिल्ला-जिल्लामा छुट्टै अ.अ. समुहको गठन, महिला बालबालिका विरुद्धको अपराध अनुसन्धानको लागि महिला सेलको स्थापना, असामान्य परिस्थितिहरुमा प्रभावकारी प्रहरी कारवाही गर्नका लागि दंगा प्रहरी गणहरु, प्रति आतंकवादी प्रहरी समूह र प्रहरी विशेष कार्यदलको स्थापना सांगठनिक विकासको क्षेत्रमा भएका महत्वपूर्ण उपलब्धीहरु हुन् । यसै क्रममा जनसाधारणको सुरक्षा व्यवस्थालाई अझ सुदृढ र व्यवस्थित गर्न आवश्यक पहिचान गरिएका स्थानहरुमा नयाँ १९९ वटा ई.प्र.का. र प्र.चौ.हरुको स्थापना र २०१ वटा प्रहरी इकाईहरुको स्तरबृद्धि गरिएको छ ।

## २. *मानवीय श्रोत विकास*

मानवीय श्रोत विकासको क्षेत्रमा भएको उपलब्धीहरुलाई बुंदागत रुपमा यसरी राख्न सकिन्छ ।

(क) प्रहरी तालीम महा-विद्यालयको स्थापना ।
(ख) तालीम निर्देशनालयको स्थापना ।

(ग) अपराध अनुसन्धान स्कुलको स्थापना ।

(घ) सशस्त्र प्रहरी तालीम महा-विद्यालयको स्थापना ।

(ङ) प्रति आतंकवादी, प्रशासन, अपराध अनुसन्धानको क्षेत्रहरुमा नयां तालीमहरु तर्जुमा तथा सञ्चालन ।

(च) सम्पूर्ण पुराना प्रहरी व्यावसायिक प्रकाशनहरुको पुनरावलोकन तथा संशोधनका साथै नयां व्यावसायिक पुस्तकहरुको प्रकाशन ।

(छ) मानवीय श्रोत विकासमा विदेशी लगानी नेपाल प्रहरीको इतिहासमै सर्वथा नौलो र दूरगामी प्रभाव पार्ने कदम हो । बेलायत सरकारको समुद्रपार विकास प्रशासनले नेपाल पुलिस प्रोजेक्ट शुरु गरेको छ । ५ वर्षको यस योजना अन्तर्गत धेरै अधिकृतहरुले विदेशमा तालीम हासिल गरिसके र नेपाल अधिराज्य भित्रका प्रशिक्षण संस्थामा पनि श्रोत र साधन जुटाउन यस प्रोजेक्टले अहम् भुमिका निर्वाह गरेको छ ।

यस प्रोजक्ट अन्तर्गत वेलायती प्रहरी परामर्शदाताको सेवा समेत नेपाल प्रहरीलाई उपलब्ध भएको छ ।यस बाहेक प्रहरी तालीम पाठ्यक्रमहरुमा सुधार गरिनुका साथै प्रजातान्त्रिक शैली अनुरुप प्रशिक्षण प्रदान गर्न पाठ्यक्रममा मानव अधिकार, प्रहरी व्यवहार तथा विविध मानवीय पक्षहरु समेत समावेश गरिएको छ ।

### ३. भौतिक श्रोत साधन

प्रहरीको कार्य दक्षतामा अभिबृद्धि गराउन भौतिक श्रोत साधनको उपलब्धताले ठूलो भुमिका खेल्दछ। सूचना प्रवाह तथा सम्पर्कको लागि व्यापक रुपमा भि.एच.एफ. संचारको व्यवस्था, विभिन्न प्रहरी कार्यालयहरुमा सवारी साधनहरुको व्यबस्था गरिनाले शिघ्र प्रभावकारी प्रहरी कारवाही हुन ठूलो मद्दत मिल्ने देखिन्छ । हालका वर्षहरुमा Computer Networking, Upgrading. क्षे.प्र.का., तालीम केन्द्रहरु तथा दीपेन्द्र प्रहरी विद्यालयहरुमा समेत कम्प्यूटरको व्यवस्थापन गरी प्रहरी कार्यका लागि आवश्यक Software समेत प्रहरी प्रधान कार्यालय आफैले तयार गर्न शुरु गरिसकेको छ । विगतमा शुन्य अवस्थामा भैं रहेका भीड नियन्त्रण सामाग्रीहरुको आपूर्ति गरी हालको अवस्था सन्तोषप्रद बनाइएको छ । भीड नियन्त्रणका भरपर्दो सामग्रीहरुको निरन्तर आपूर्तिले गर्दा भीड नियन्त्रणमा प्रहरीको कार्य सक्षमतामा अभिबृद्धि भएको महसुस भएको छ ।





प्रहरी कर्मचारीहरुको कार्य क्षमता तथा मनोबललाई उच्च गराउन स्तरीय व्यक्तिगत सामाग्रीहरुको नियमित आपूर्ति गरिदै लगिएको छ । त्यस्तै यस अवधिमा २३४ वटा कार्यालय भवनहरु, व्यारेक तथा आवासहरु नवनिर्माण भएका छन् र अन्य कतिपय निर्माणाधिन छन् ।

### ४. प्रहरी प्रतिरुप

समुदायमा आधारित प्रहरी कार्य प्रणाली, मानव अधिकार र प्रहरी व्यवहारको क्षेत्रमा भएका प्रहरीका प्रयासहरुको परिणतिले प्रहरी छवीलाई सुन्दरता तर्फ उन्मुख गरेको छ । यस क्षेत्रमा निम्न वमोजिम कार्यहरु भएको पाउंछौं ।



(क) प्रहरीबाट अधिकारको दुरुपयोग भई मानव अधिकारको हनन हुन नदिन "प्रहरी अधिकार दुरुपयोग अनुगमन सेल"को केन्द्र तथा क्षेत्र स्तरसम्म स्थापना ।

(ख) समाजका हरेक पक्षका मानिसहरुलाई अपराधको रोकथाम र अनुसन्धानमा प्रहरीलाई सहयोग गर्न तयार पार्ने उद्देश्यले सञ्चालित:

- स्कुल सम्पर्क कार्यक्रम ।
- सामुदायिक प्रहरी सेवा ।
- चेलिबेटी बेचविखन नियन्त्रण कार्यक्रम ।
- ज्येष्ठ नागरिकहरुसंगको सम्पर्क कार्यक्रम ।
- मानव अधिकार, प्रहरीको समाजमा भूमिका जस्ता विषयमा सेमीनार, गोष्ठी आयोजना ।
- नागरिकहरुको सु-सुचित हुने अधिकारको सम्मान गर्दै केन्द्रीय प्रहरी समाचार कक्ष, क्षेत्रीय प्रहरी समाचार कक्षको स्थापनाका साथै प्रहरी पत्रकार भेटघाट कार्यक्रम शुभारम्भ तथा राज्यको चौथो अंग प्रेस जगतका विविध पक्षका बारेमा जानकारी गराउन प्रेस सम्पर्क अनुशिक्षण कार्यक्रमहरु संचालन गर्ने परम्परा आरम्भ ।

सामाजिक चेतनामा अभिवृद्धि, प्रहरी कार्यशैलीमा सुधार अनि सुन्दर प्रहरी प्रतिरुपका लागि दीर्घकालको आवश्यकता पर्ने हुनाले यस्ता कार्यक्रमहरुले निरन्तरता पाउनु आवश्यक हुन जान्छ ।

## ५. *प्रहरी कल्याण*

प्रहरी कल्याणको दिशामा भएका सेवामूलक, सुविधामूलक तथा आयमूलक निम्न कार्यक्रमहरुबाट प्रहरी परिवार लाभान्वित भएका छन् ।

- प्रहरी र उसको परिवारको स्वास्थ्य हितका खातिर दिपायलमा एक साधन सम्पन्न क्षेत्रीय प्रहरी अस्पतालको निर्माण ।
- बीरेन्द्र प्रहरी अस्पतालमा रु. एक करोड पच्चीस लाखको अक्षय कोषको स्थापना, Chest Block, Peadeatric Block चिकित्सक आवास तथा भान्साघरको निर्माणका साथै अन्य उपकरणहरु खरिद ।
- बहालवाला प्रहरीका परिवार तथा भु.पु. प्रहरीलाई समेत उपचार सुविधा ।
- दीपेन्द्र प्रहरी विद्यालयहरुमा अमर प्रहरी स्मारक छात्रवृत्ति लगायत विभिन्न छात्रवृत्तिको स्थापना ।
- प्रहरी कल्याणकारी योजनाको लागि ६ वटा सपिङ्ग कम्प्लेक्स तथा पेट्रोल पम्पहरुको स्थापना ।
- राजधानीमा सिनियर प्रहरी अधिकृतका लागि मात्र आवास सुविधा रहेकोमा जुनियर प्रहरी अधिकृत तथा जवानहरुका लागि समेत आवास भवनहरुको निर्माण प्रारम्भ ।
- ७५ जिल्लामा प्रहरी जवान तथा परिचरहरुका जेहेन्दार सन्ततीलाई रु. २००।- को आर्थिक सहायता ।
- प्रहरी कर्मचारीहरुको मृत्यु वा बीरगति प्राप्त गरेको अवस्थाको लागि राहत कोष खडा गरी रु. २५,०००।- (पच्चीस हजार) को आर्थिक सहायता दिने व्यवस्था प्रारम्भ ।
- सुविधामूलक कार्यक्रम अन्तर्गत प्रहरी अधिकृतहरुलाई किस्तावन्दी प्रणालीमा मोटर साईकल उपलब्ध गराइएको ।
- सम्पूर्ण प्रहरी कर्मचारीहरुको जीवन विमा गरी निश्चित अवधि पश्चात उनीहरुले एकमुष्ट रकम पाउने व्यवस्था र सेवानिवृत्त प्रहरी कर्मचारीहरुको आर्थिकोपार्जनलाई मध्यनजर राखी पुनर्स्थापनाका योजनाहरु सम्बन्धमा गृह कार्य भैरहेको ।
- कल्याण कोष र भलाई कोषको विधान तयार गरी विधान अनुरुप संचालक समितिको माध्यमबाट कार्यक्रम संचालन तथा



आधिकारिक लेखा परीक्षकद्वारा प्रथम पटक लेखा परीक्षण गराउने परिपाटी शुरु गरिएको ।

६. *Challenges faced*

विगतका वर्षहरुमा नेपाल प्रहरीको नेतृत्व आफैमा चुनौतीपुर्ण थियो । खुला परिवेशमा समाज भर्खर प्रवेश गरेकोले बढ्दो उच्छृङ्खलता, अपराधमा नयां कार्यविधि र केही जघन्य अपराधिक कृयाकलापहरु भए जस्को अनुसन्धान र रोकथाममा प्रहरीले उल्लेखनीय उपलब्धी हासिल गर्‍यो । राजनैतिक उतार चढावका कारण नेपाल बन्द, चक्का जाम, घेराउ र हिंसक भिडन्तहरु प्रहरीको लागि दैनन्दिनिका बन्दै गएको अवस्थामा बाध्य भई बल प्रयोग गर्न परेको क्षणहरुमा पनि योजनाबद्ध कार्यशैलीका कारण संघातिक आक्रमणहरुमा समेत तुलनात्मक रुपमा निकै कम जनधन क्षती भयो । संसद विघटनको संवेदनशील अवस्था होस् वा बाढी पहिरोले राष्ट्लाई गांजेको होस्, आम निर्वाचनको गहन जिम्मेवारी होस् वा माओवादीहरुको हिंसक आक्रमक गतिविधि, सबै अवस्थामा संविधानद्वारा प्रदत्त मौलिक अधिकारलाई आम नागरिकले निर्बाध रुपमा प्रयोग गर्न सक्ने वातावरण कायम राख्न सक्नुले नेपाल प्रहरीको सुझबुझ र समुचित कार्यनीति र सक्षम नेतृत्वको परिचय दिन्छ ।

७. *Milestones*

हालका वर्षहरुमा नेपाल प्रहरीले भौतिक साधन र श्रोतको क्षेत्रमा हासिल गरेको उपलब्धीहरु बाहेक केही यस्ता नव श्रृजनशील कार्यहरु पनि भएका छन् जसलाई नेपाल प्रहरीका भावी सन्ततीहरुले श्रद्धाका साथ स्मरण गर्नेछन् ।

(क) प्रहरी सुधार सुझाव आयोग : २०५० सालमा "प्रहरी सुधार सुझाव आयोग" को गठन हुनु नेपाल प्रहरीको इतिहासमा एउटा प्रगतिकामी कदम हो । समाजका सबै पक्षहरुको मनोभावना बुझी प्रहरीलाई समयानुकुल प्रभावकारी बनाउन दिईएको आयोगका सुझावहरु केही कार्यान्वयन भैसकेका छन् भने केही कार्यान्योमुख छन् ।

(ख) नेपाल प्रहरीको इतिहास : नेपाल प्रहरी संगठन कसरी, कहांबाट, कुन स्वरुपमा शुरु भयो र क्रमिक विकास कसरी भयो भन्ने कुरामा अन्यौल, द्विविधा र मत भिन्नता थियो । यस्तो अवस्थामा इतिहासका विद्वानहरु, भूतपुर्व प्रहरी कर्मचारीहरु तथा अन्य उपलब्ध सामग्रीहरुको आधारमा एक बृहद "नेपाल प्रहरीको इतिहास" पुस्तकको प्रकाशन भयो । नेपाल प्रहरीको इतिहासको प्रकाशनले एकातर्फ हाम्रा अग्रजहरुको सम्मान भएको छ भने अर्को तर्फ यसले आजको नेपाल प्रहरीको कार्य र भोलिको लक्ष्य निर्धारणको क्रममा एउटा आधार शीलाको कार्य गर्नेछ ।

(ग) प्रहरी स्मारक : आफ्नो कर्तव्यपथमा रही प्राण उत्सर्ग गर्ने अमर प्रहरीहरुको सम्मानमा "प्रहरी स्मारक" निर्माण भएको छ । यो स्मारक एकातर्फ हिजोका वीर प्रहरीहरुको स्मरण र सम्मानको प्रतिक भएको छ भने अर्को तर्फ भावी सन्ततीहरुका लागि समेत प्रेरणाको श्रोत बनेको छ ।

(घ) प्रहरी दिवस : समाजमा प्रहरीको भुमिका र प्रहरी गतिविधि झल्काउन एक विशेष दिनको आवश्यकता महसुस गरी गत वर्षदेखि प्रहरी ऐन २०१२ लागु भएको दिन असोज मसान्तलाई "प्रहरी दिवस"को रुपमा मनाउने परम्पराको थालनी भएको छ ।



प्र.म.नि. ज्यू इ.प्र.का शिव नगर, रौतहटको उद्घाटन गर्दै ।
*IGP inaugurates Area Police Office in Shiva Nagar.*





*प्र.म.नि. बोहरा*
*IGP Bohara*

(ङ) क्षेत्रीय अस्पताल : सुदुर पश्चिमको विकट पहाडी क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरुको स्वास्थ्य हितका खातीर दीपायल (डोटी) मा एउटा साधन सम्पन्न क्षेत्रीय प्रहरी अस्पताल-को निर्माण हुनु प्रहरी संगठनको सुदृढि-करणको क्षेत्रमा भएको ठोस प्रयास हो ।

(च) प्रहरी संग्रहालय तथा पुस्तकालय : प्रहरी संग्रहालय तथा पुस्तकालयको निर्माण कार्य प्रायः पुरा भैसकेको छ। हाम्रा भावी सन्तति-हरुको लागि समेत यो संग्रहालय र पुस्तका-लय इतिहासलाई वर्तमानमा प्रतिविम्बित गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## ८. *विविध*

- प्रहरी संगठनको चौतर्फि विकासको लागि खेलकुदको माध्यमबाट विभिन्न मुलुकका प्रहरीहरु बीच भाईचारा विकास गराउन यही २०५३ मार्ग १९ देखि २९ गतेसम्म "अन्तर्राष्ट्रिय प्रहरी फुटवल प्रतियोगिता काठमाण्डौंमा आयोजना हुने भएको छ ।
- प्रथम पटक अन्तर्राष्ट्रिय मानव अधिकार प्रशिक्षणका लागि नेपालबाट प्रहरी विशेषज्ञ सेवा उपलब्ध गराउनु, राष्ट्रसंघीय युद्ध अप-राध ट्रिब्युनलका लागि प्रहरीका अनुसन्धान अधिकारी कार्यरत रहनु र शान्ति कायम राख्ने राष्ट्रसंघीय प्रयत्नहरुमा हालका वर्ष-हरुमा नेपाल प्रहरीको अत्यधिक सहभागिता रहनुले अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रति नेपालको दृढतालाई छर्लङ्ग पारेको छ ।
- अन्तर्राष्ट्रिय व्यावसायिक वन्धुत्व (profes-sional brotherhood) लाई सुदृढ गर्न नेपाल प्रहरीको प्रमुखलाई हालै International Asso-ciation of Chief of Police ( IACP ) को सद-स्यता प्रदान गरिनुले पनि नेपाल प्रह-रीको सक्षम नेतृत्वको परिचय दिएको छ ।
- IACP-Asia Pacific Region र नेपाल प्रहरीको संयुक्त आयोजनामा IACP अन्तर्राष्ट्रिय सेमिनार गत वर्ष चैत्रमा काठमाण्डौंमा आयोजना हुंदा विभिन्न राष्ट्रका प्रहरी प्रमुखहरुले भाग लिएको र सो भेला प्रहरी व्यवस्थापन र नेतृत्वका विषयमा विचार विनिमय र सहयोगको मञ्च निर्माण गर्न सफल भएको छ ।
- प्रहरी कर्मचारीहरुको विभिन्न पोशाकहरुमा भएको फेरवदल तथा वरिष्ठ प्रहरी अधिकृत-हरुको मोटरमा तारा राख्ने व्यवस्था पनि यस अवधिमा भएका महत्वपुर्ण उपलब्धी हुन ।

नेपाल प्रहरीको विविध क्षेत्रमा गरिएका संस्थागत विकास तथा सुदृढीकरणका प्रयास-हरुले समग्रमा प्रहरी सक्षमतामा अभिबृद्धि र प्रहरी सेवा प्रतिको सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याएको छ। यी सम्पूर्ण उपलब्धीहरु सक्षम प्रहरी नेतृत्व र उच्च मनोबल भएको सम्पूर्ण अधिकृत जवानहरुको लगनशीलताको परिणाम हो भन्ने कुरामा दुईमत हुन सक्दैन । यस परिवेशमा हामी सम्पूर्ण प्रहरीहरुले उत्कृष्ट प्रहरी सेवाको दुरगामी लक्ष्य हासिल गर्न चालिएका कदमहरुलाई संरक्षण र संवर्द्धन गर्दै लगेको खण्डमा स्वर्णिम भविष्य सुनिश्चित छ ।




# The March Towards Creative Endeavour

The current status of Nepal Police has been achieved not through the efforts of a single individual or within a fixed time frame. The present level of Nepal police is the result of the far-sightedness of successive Inspector Generals ever since its inception and through the collective efforts and dedication of the police force. At this juncture, every member of the police force dedicates profound respects to the founding fathers on whose efforts the current edifice of Nepal Police is built.

Various efforts are underway in recent years to ensure that services are rendered in an efficient and professional manner in tune with the expectations of the general public. Taking a look at the past three or four years, one can discern the direction in which the force is forging ahead through skill enhancement and the generation of a positive attitude towards the police force.

Attempts at the institutional development of the police force reveals the following achievements in recent years.

**1. Institutional Development and Expansion**

In course of strengthening the institutional capacity and diversification of the police force, various divisions have been established at the police headquarters, a training directorate has been set up, and a report has been submitted to His Majesty's Govt. in connection with establishing a separate traffic police directorate.

Other major achievements include the setting up of Crime Investigation Division in district, separate cells for women and children, riot police squads and special police squads for dealing with terrorist activities, and the establishment of special police task force. Likewise, an additional 199 area police units and stations have been established while 201 police units have been upgraded for speedy dispensation of security to the general public.

**2. Human Resource Development**

Human resource development activities can be classified under the following:

a. Establishment of a police training institute
b. Establishment of training directorate
c. School for Crime Investigation
d. Establishment of an institute for armed police
e. Designing new training for terrorism, administration, and Criminal Investigation.



f. Review of the existing old publications and literature for professionals.
g. Foreign investment on Nepal Police is a far-reaching step. The British Govt. overseas administration has initiated a project for Nepal Police.

Many officers have been trained in foreign countries during the 5 year project while the project has also contributed in organising training programmes within the country and developing resources for the police force. Under the project, services under the British Police Advisory Board have also been provided. Apart from the above, the training curriculum has been updated by incorporating democratic norms in training procedures, instilling human rights values, and various humanitarian aspects.

**3. Physical Resources:**

Physical or material resources play an important role in the performance enhancement of the police force. Availability of VHF communication systems and vehicles at different police units help in the effective implementation of police activities. The police headquarter has started a process of computer networking upgrading and developing appropriate software as well as equipping Dipendra Police School with computers. In the past, there was a limited amount of crowd dispersement equipment but now the situation has improved comparatively. The availability of these equipment has enhanced the efficiency of the police force.

Standard personal equipment have been acquired to boost the morale of the police and to enhance their performance. During this period, 234 office buildings, barnacles, and hostels have been constructed and others are in the process of being constructed.

**4. Improving Police Image:**

Community based work style, human rights, and efficient policing have improved the image of the police force. The following activities can be enumerated in this area:

a. Establishment of police rights monitoring cell at the centre and regions in order to prevent violation of human rights through the misuse of police authority.
b. Programmes aimed at enlisting the involvement of people from different sectors to help crime prevention and investigation such as:
i. School contact programme
ii. Community police service
iii. Chelibeti programme
iv. Programme for making contact with elder citizens
v. Organising seminars on human rights & police community
vi. Establishment of a central police information cell and regional information cell recognising the citizen's right to be informed.

Periodic meet, the press programme.

**5. Police Welfare:**

Families of police personnel have benefited from the following services, facilities, and income generating activities:

a. Establishment of a well equipped regional hospital in Dipayal.



dra Police Hospital and construction of Chest Block, Paediatric Block and Doctors quarters as well as the purchase of various (diagnostic) equipment.

c. Treatment facilities for serving personnel as well as former police personnel.
d. Scholarship at Dipendra Police School; such as the "Amar Prahari Smarak" scholarship.
e. Setting up 6 shopping complexes and petrol pumps for police welfare programmes.
f. Initiating the construction of quarters for junior police officers and other ranks in the capital. (Previously, only senior officers quarters existed.)
g. Award of financial assistance of Rs. 200 to the deserving children of police personnel in all 75 districts.
h. Providing financial assistance of Rs. 25,000 to the next of kin of police personnel in case of death or if they are killed on duty, by setting up a welfare fund.
i. Providing motorcycles on instalments.
j. Provision of life insurance for all police personnel and entitlement to receive a lump sum following the termination of a fixed period. Preparation of programmes for restoration of retired personnel in order to provide a platform for additional income.
k. Appointment of an authorised accountant to look into the accounts of the welfare and service funds in consonance with the charter of the funds. It is for the first time that the system has started.

**6. Challenges Faced:**

In the past, the leadership of the police was prone to challenges. The society just entered an open atmosphere giving rise to violence and criminal activities. The police force has successfully adopted new investigative methods to deal with incidents of violence.

The police force has been able to minimise harm and destruction of property by using appropriate methods during "bandhs", "chakka jam" gherao and violent encounters prompted by political upheaval.

चिकित्सक आवास भवनको उद्घाटन ।
*Inauguration of police doctors' residence*





Be it the dissolving of parliament or natural disasters like floods and landslides, be it the responsibility of general elections or violent encounters spurred by Maoist attacks, Nepal Police has always remained committed to let people enjoy the civil rights guaranteed by the constitution through organised work plans and efficient leadership.

**7. Milestone:**

Apart from the physical resources, some new and creative activities have also been initiated which would be highly appreciated by future generations.

a. Police Commission: The establishment of this commission in 2050 BS is a progressive move in the history of Nepal Police. Some of the recommendations of the commission have already been implemented while others are in the process of being implemented. These recommendations were forwarded after taking into account the opinions of the general public aimed at making Nepal police effective and in tune with the times.
b. Nepal Police History: The history of Nepal Police, its early beginnings and its steady strides were in a state of confusion due to differing views. Historians, former police employees and other available resources were brought together and the "Nepal Police History" was published. The publication of this book has, on the




one hand accorded due respect to our founding fathers while on the other, it has charted a course for the future by creating a milestone in the process.

c. Police "Smaraks" have been constructed in honour who have sacrificed their lives for the sake of duty. These memorials serve as recognition for the services of the officers as well as a source of inspiration for the future generation.
d. Police Day: A tradition of observing Police Day has been started since last year. The last day of Asoj, the day Police Act 2012 was promulgated has been chosen to celebrate the Police day in order to demonstrate the role of police and their activities.
e. Regional Hospital: The establishment of a well equipped regional hospital in Dipayal (Doti) for the health care of the police men in the remote hills of far western region is undoubtedly a notable achievement.



f. Police Archives and Library: The construction of a police archives and library is almost complete. These additions will serve as eye openers reflecting the past in the present for future generations.

**8. Miscellaneous:**

a. The International Police Football Tournament is being organised on Mangsir 19, 2053 in Kathmandu by promoting the all round development of the police force through the medium of sports and through international brotherhood.
b. The able leadership of Nepal Police has been reflected by the fact that the chief of Nepal Police has been awarded membership of the International Association of Chief of Police IACP in order to consolidate professional brotherhood.
c. The IACP International seminar in Kathmandu last Chaitra brought together Chiefs of Police from the Asia Pacific Region. The seminar helped to pave the way for efficient manage-ment, leadership and in creating a platform for cooperation.
d. The changes in the uniforms of police personnel and the practice of having stars on the vehicles of senior police officers is also a notable accomplishment.

The institutional development of various sectors of Nepal Police and efforts at all-round improvement has enhanced the performance of the police while creating a positive attitude in the minds of the general public. There is no doubt that these achievements are the results of efficient leadership, high morale and dedication of the entire police force. A golden future is ensured if all police personnel consolidate the gains of the past and chart a lasting course for the future.

# नेपाल प्रहरीमा मानवीय श्रोतको विकास



प्रारम्भदेखिको अनवरत विकास प्रयासबाट एउटा बृहद, व्यवस्थित एवं संगठित रुपमा विद्यमान नेपाल प्रहरीको मानव श्रोत पनि समानुपातिक विकासक्रममा रहेको छ। बदलिदो सामाजिक परिवेश र वातावरणमा बिगत केही समय यता देखा परेको आमूल परिवर्तन (drastic change) संग सामान्जस्यता ल्याउन र दायित्वलाई सुलभ, सरल एवं प्रभावकारी रुपमा निर्वाह गर्न अपनाईएका आधुनिक कार्यशैली र तदनुरुप आवश्यक पर्ने शीपयुक्त मानव श्रोतको विकासलाई बढावा दिन नेपाल प्रहरीले अवलम्बन गरेको नीतिलाई संगठन विकासको महत्वपूर्ण पक्षको रुपमा लिन सकिन्छ।

प्रशिक्षणको उच्च व्यवस्थापन प्रणाली अवलम्बन गरि कार्य विशिष्टिकरण नीतिलाई बढावा दिन केन्द्रमा विद्यमान राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको अलावा सशस्त्र प्रहरी तालीम महाविद्यालय, प्रहरी तालीम महाविद्यालय तथा अपराध अनुसन्धान शिक्षालय समेतको आधारशिला तयार भैसकेको छ।

प्रशिक्षण व्यवस्थापनका नया अवधारणाहरु लागु गर्न राष्ट्रिय स्तरका अन्य प्रशिक्षण संस्थाहरुले अवलम्बन गरेका नीति एवं पद्धतिहरुको अध्ययन अवलोकन तथा विकसित राष्ट्रहरुले अपनाएका प्रणालीहरुको विश्लेषण गरी प्रहरी संगठनको परिवेश सुहाउदो नया प्रशिक्षण व्यस्थापन पद्धति खोजी गरी लागु गर्ने प्रयास भईरहेको छ।

यसै क्रममा आ-आफ्ना प्रशिक्षण क्षेत्रमा देखा परेको समस्याहरुको पुर्नमुल्याङ्न गर्न आयोजना गरिएको समादेशक तथा गणपतिहरु सम्मिलित "New Concept of Training Management" विषयक गोष्ठीले नेपाल प्रहरीको प्रशिक्षण विकासमा गुणात्मक गति प्रदान गरेको महशुस गर्न सकिन्छ र यस किसिमको पद्धति अवलम्बन गर्ने प्रक्रिया-लाई निरन्तरता दिन एउटा ठोस नीति तय गर्नु आवश्यक देखिन्छ।

प्रशिक्षण व्यवस्थापनमा समसामयिक विकास गर्न राष्ट्रिय स्तरका अन्य प्रशिक्षण संस्थानहरुसंग समन्वय गर्ने, Resource Trainer को रुपमा आपसमा प्रशिक्षकहरु आदान प्रदान गर्ने क्रमको विकास भैरहेको छ भने अर्को तर्फ सरकारी तथा गैर सरकारी निकाय सम्बद्ध कर्मचारी समेतलाई नेपाल प्रहरीमा र नेपाल प्रहरीका कर्मचारीहरुलाई अन्य प्रशिक्षण संस्थानहरुमा प्रशिक्षण दिलाउने क्रम जारी रहेको छ।

समन्वय क्रममा विभिन्न प्रशिक्षण संस्थानहरुसंग वार्षिक प्रशिक्षण कार्यक्रम (योजना) आदान प्रदानगर्न सम्बन्धित प्रशिक्षण कार्यक्रमहरु संचालन हुनु पूर्व नै आवश्यक समन्वय गरी प्रशिक्षण प्रभावकारी तुल्याउने पद्धतिको थालनी समेत भईरहेको छ। प्रमूख जिल्ला अधिकारी, शाखा अधिकृत, सैनिक अधिकृत,कानुन व्यवसायी सम्वद्ध प्रशिक्षण कार्यक्रमहरु उदाहरणको रुपमा लिन सकिन्छ।

हाल रोल्पा, रुकुम लगायतका केही पहाडी जिल्लाहरुमा देखापरेको उग्रवादी कृयाकलापलाई मध्यनजर राखी भविष्यमा देखापर्न सक्ने उग्रवाद एंव आतंकवादका चुनौतिको सामना गर्न प्रहरीलाई समयमै तयार राख्न शाहि सैनिकको संयुक्त सहयोगमा १३३ जना प्रहरी जनशक्तिलाई प्रहरी तालीम महाविद्यालय ककनीमा विशेष तालीम संचालन भैरहेको छ।

कार्य विशिष्टीकरणलाई बढावा दिने क्रममा विदेशबाट उच्चतालीम हासील गरी फर्केका प्रहरी अधिकृतहरुबाट बेलायतको प्रहरी परामर्शदाता डा.स्टेफन जेम्स मेल्सको संयोजकत्वमा विकास गरिएका प्रशिक्षण पाठ्यक्रमहरु लागु गर्ने कार्य भैरहेको छन् भने दक्ष एवं शिपयूक्त प्रशिक्षक निर्माण गर्ने क्रममा ४ जना प्रहरी अधिकृतहरुले हालै सिंगापुरबाट प्रशिक्षक प्रशिक्षण तालीम हासिल गरी प्राप्त ज्ञान शीप लागु गर्न प्रयासरत रहेका छन्।

कुनै पनि पक्षको विकाश गतिशिल रहनु पर्दछ भन्ने सन्दर्भमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका समादेशक प्र.ना.म.नि.श्री. रामकाजी बान्तवाज्यूले व्यक्त गर्नु भएको नेपाल प्रहरीको प्रशिक्षण नीति दर्शन सारले प्रशिक्षण विकासलाई यसरी स्पष्ट पार्दछ -

"आजको आधुनिक एवं वैज्ञानिक युगमा जनताले प्रगतिको लागी परिवर्तनको चाहना गरिरहेका हुन्छन्। प्रगतिको लागी गरिने अथवा हुने परिवर्तन नै विकास हो, जुन विशेषत : प्रशिक्षणबाट मात्र संभव छ। प्रशिक्षण तथा

विकास व्यवस्थापनको क्षेत्रमा एक अर्काको परिपूरक शब्द मानिन्छन तसर्थ प्रशिक्षणको कुशल व्यवस्थापन बिना विकास संभव हुंदैन्"।

२०५२।२०५३ मा संचालित प्रशिक्षण कार्यक्रमको लेखाजोखा तथा प्राप्त पृष्ठपोषणको विश्लेषणको आधारमा प्रशिक्षण विकाश क्रमलाई द्रुतगती प्रदान गर्न आ.ब.२०५३।५४ को लागी तय गरिएको प्रशिक्षण कार्यक्रममा केही नयां कार्यक्रमहरु थप गरिएको छ । बिगत दिनहरुमा आई परेका दैवी प्रकोप, साम्प्रदायीक दंगाहरुलाई मध्यनजर राखी प्रहरी जनशक्तिलाई दक्ष बनाई तयारी अवस्थामा राख्न दैवी प्रकोप उद्धार व्यवस्था सम्वन्धी तथा साम्प्रदायिक दंगा सम्बन्धी प्रशिक्षण कार्यक्रमलाई तालीममा समावेश गरिएको छ। त्यसै गरि जघन्य अपराध सम्बन्धी कार्यशाला, अपराध नियन्त्रण अनुसन्धान, प्रहरी व्यवस्थापन जस्ता विषयमा कार्यशाला, गोष्ठी एवं अनुशिक्षण कार्यक्रमहरु संचालन गर्ने लक्ष्य राखिएको छ । साथै वृहद् रुपमा विकाश भैरहेको प्रहरी संगठनमा शान्ति सुव्यवस्था, अपराध अनुसन्धान एवं नियन्त्रणको अलावा संगठनको प्रशासन र व्यवस्थापन पक्षमा पनि प्रहरी अधिकृतहरुलाई निपूर्ण तुल्याउन आवश्यक ठानी दर्जागत रुपमा प्रहरी निरीक्षक, प्रहरी नायव उपरीक्षक, प्रहरी उपरीक्षक तथा प्रहरी वरिष्ठ उपरीक्षकहरुको लागि भिन्दा भिन्दै तहको प्रहरी प्रशासन तथा व्यवस्थापन तालीम लाई पनि आ.ब.२०५३।०५४ को कार्यक्रममा समावेश गरिएको छ। साथै वैज्ञानिक युग सापेक्ष दक्षता हासील गराउने क्रममा कम्प्यूटर शीप विकाश तालीम समेत समावेश गरी प्रशिक्षण कार्यक्रमहरु संचालन भैरहेको छ ।



## आर्थिक वर्ष २०५२।५३ का प्रशिक्षण विवरण

| *क्र.सं.* | *तालीमको नाम* | *लक्ष्य* | *उपलब्धी* | *दर्जा* |
|---|---|---|---|---|
| | ***अपराध अनुसन्धान समुह*** | | | |
| १. | अपराध अनुसन्धान | ४० | ३९ | सि.अ. |
| २. | महिला तथा बाल-बालिका विरुद्ध अपराध | ४० | ४१ | सि.अ./जु.अ. |
| | *कुल जम्मा* | *८०* | *८०* | |
| | **प्रहरी कार्यसमुह** | | | |
| १. | घटनास्थल अनुसन्धान | ४० | १३ | जु.अ. |
| २. | विष्फोटक पदार्थ अनुशिक्षण | ५० | २० | जु.अ. |
| ३. | इन्टेलीजेन्स इन्टरभ्यू | २० | २० | जु.अ. |
| ४. | प्रेस सम्पर्क | २० | २० | जु.अ. |
| ५. | भौतिक सबुत अनुशिक्षण | १५० | ६९ | जु.अ., प्र.ह., प्र.ज. |
| | *कुल जम्मा* | *२८०* | *१४२* | |
| | **सुरक्षा समुह** | | | |
| १. | विशिष्ट व्यक्तिको सुरक्षा | ४० | ४५ | सि.अ. |
| २. | कार्यविधि कानुन | ३० | ६६ | सि.अ. |
| | *कुल जम्मा* | *७०* | *१११* | |
| | **प्रशासन तथा व्यवस्थापन** | | | |
| १. | सिनियर म्यानेजमेन्ट | १५ | १७ | सि.अ. |
| २. | प्रशिक्षक प्रशिक्षण | १५ | ५९ | सि.अ. |
| | *कुल जम्मा* | *३०* | *७६* | |

### अन्य तालीम तथा सेमिनार

| *क्र.स.* | *तालीमकोनाम* | *उपलब्धी* | *सहभागी* |
|---|---|---|---|
| १. | तालीम व्यवस्थापन प्रशिक्षण | ११ | सबै समादेशक र गणपतिहरु |
| २. | प्र.जि.अ.हरुको ६ दिने अनुशिक्षण | २७ | उप-सचिव स्तरका कर्मचारी |
| ३. | इराकी मिशन | २५ | २ सि.अ./२३ जु.अ. |
| ४. | विशिष्ट व्यक्तिको सुरक्षा | १७ | जु.अ. |
| ५. | महिला तथा बाल-बालीका विरुद्ध १ दिने अनुशिक्षण | ४० | २० प्र.नि./ १८ प्र.ना.नि /२ प्र.स.नि |

*यस बाहेक यस आर्थिक वर्षमा ३७ जना प्रहरी अधिकृतहरुले विदेशमा प्रशिक्षण हासील गरे भने अधिराज्यभरिका विभिन्न प्रहरी तालीम संस्थाहरुमा ७०२६ जना प्रहरी अधिकृत जवानहरुले व्यावशायिक तालीम हासिल गरे ।*

# Making Professionals





गृह सहायक मन्त्रीज्यू उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कृत गर्नुहुँदै ।
*Assistant Home Minister gives away prizes to cadets.*

Human resource development has enjoyed a proportionate status in Nepal Police which has represented itself as a dynamic, well managed and organised force since its very beginning.

The priority accorded to skill oriented human resource development in the context of the changing social scenario and drastic changes which have prompted innovative work procedures in the effective execution of duties can be regarded as an important step in the right direction.

The existence of the National Training Academy in addition to the setting up of the base for the armed Police training college, Police training centre, and the school for crime investigation bear testimony to the commitment to duty through specialised service and efficient training management.

Efforts are underway to adopt appropriate principles for training management through careful examination of the existing management concept and also by analysing the principles adopted by developed countries.

In this context, the seminar on "New Concept of Management" which reviewed the problems encountered in different training centres has given due impetus in the development of trainings. Participants at this seminar were the commandants. This calls for the need to formulate a concrete policy in order to incorporate these types of principles.

The practice of maintaining co-ordination with other National Training Centres and exchange of resource trainers has been adopted in order to incorporate current developments in training management. There is also a provision of training government and non-government officials at Nepal Police just as police personnel attend training programmes in other training centres.

In course of adhering to the concept of co-ordination, a system has been initiated to exchange and preview the training curriculum and schedules of other training centres to make the training courses more effective. Training programmes for Chief District Officers, section officers, army officers, and legal practitioners can be cited as examples.

In view of the recent eruption of terrorist activities in the hilly districts of Rolpa and Rukum, a special training course is being conducted at the Police Training College in Kakani with the assistance of the Royal Nepal Army. This program is expected to prepare police personnel to face the new emergency challenges with greater efficiency.

Officers trained in England are trying to implement the curriculum designed by the British Consultant Stephen James. This apart, four Police Officers have attended the "Training for Trainers" course in Singapore and are striving to utilise their newly acquired knowledge for the benefit of Nepal Police.

DIG Ram Kaji Bantawa of the National Training Academy outlining the Training Philosophy of Nepal Police in the context of sustained, dynamic development says:

"In this modern and scientific age, citizens desire change for progress.

अटो मेकानिक्सको तालिमको प्रशिक्षार्थीलाई पुरस्कार वितरण।
*Trainees of automechanics training receives prizes.*



Changes brought about of the achievement of progress is development, which is possible only through training. Therefore, training and development management are complementary to each other and so development is impossible without efficient training management."

A review of the training programmes conducted during 2052/053 has necessitated the inclusion of additional programmes to impart a new dynamism in the training for 2053/054. In view of the possibility of the natural disasters and ethnic riots, training to tackle the above are being embarked upon. Likewise, a training on election security management has also been included. Also, workshops on capital crime, crime investigation, and police management have also been included. Realising the need for training programmes strengthening the institutional capacity, administrative machinery, and management of the vast expanding police force 3 different training courses for three different ranks, Police Inspectors, Dy. Superintendents and Superintendents have been included for the year 2053/054

To keep pace with the scientific age, while enhancing skills, training programmes on computer skill development have also been designed and conducted.

## Training Programmes 1995/96

| *S.N.* | *Course Title* | *Obj.* | *Achievement* | *Rank* |
|---|---|---|---|---|
| 1. | Crime investigation | 40 | 39 | S.A. |
| 2. | Crime against women and children | 40 | 41 | |
| | *Total* | *80* | *80* | |
| 1. | On the spot investigation | 40 | 13 | J.A. |
| 2. | Explosive devise | 50 | 20 | |
| 3. | Invest. intelligence interview | 20 | 20 | |
| 4. | Meet the press | 20 | 20 | |
| 5. | Physical evidence course | 150 | 69 | |
| | *Total* | *280* | *142* | |
| | *Security Group* | | | |
| 1. | VIP security | 40 | 45 | S.A. |
| 2. | Legal work methodology | 30 | 66 | |
| | *Total* | *70* | *111* | |
| | *Administration & Management* | | | |
| 1. | Senior management | 15 | 17 | S.A. |
| 2. | Trainer's training | 15 | 59 | |
| | *Total* | *30* | *76* | |

## Other Trainings & Seminars

| *S.N.* | *Course Title* | *Achievement* | *Participants* |
|---|---|---|---|
| 1. | Training management | 11 | Commandants |
| 2. | 6 day orientation for Chief District Officers and civil servants | 27 | |
| 3. | Iraqi mission | 25 | 2 senior officers<br>23 junior officers |
| 4. | VIP security | 17 | Junior officers |
| 5. | Orientation on crime against women/children | 40 | 20 inspectors<br>17 sub-inspectors<br>2 ASI |

*During this fiscal year 36 police officers were trained abroad while 7,026 others underwent professional training courses in various centres in the kingdom.*

# अन्तराष्ट्रिय प्रहरी सहयोग कार्यक्रम



SAARC Chief of police conference in police matters - Colombo.



इन्टरपोलको एशियाली क्षेत्रीय सम्मेलन ।

नेपाल प्रहरी अन्तराष्ट्रिय प्रहरी संगठन Interpol को सकृय सदस्यको रुपमा कार्य गर्दै आएको छ । सम्बध्द देशहरुका प्रहरी संगठनहरु बीच सुमधुर सम्बन्ध कायम गरी आपसी सहयोग र समझदारीमा अभिबृद्धि गर्न क्षेत्रीय र महादेशीय स्तरमा प्रहरी संगठनहरुको सहयोग कार्यक्रमको स्थापना गर्ने अवधारणालाई कार्यरुप दिने कार्य शुरु भई सकेको छ । यसै गरि ASEANPOL / SAARCPOL नयां टुसाउदै गरेका प्रहरी सहयोग संगठनहरु हुन । ASEANPOL मा पनि सकृय रुपमा सहभागी हुनको लागि नेपाल प्रहरीको प्रतिनिधीत्व गर्दै प्रहरी महानिरिक्षकको नेतृत्वमा जाने टोलीले यसै वर्ष टर्कीको एन्टालिया शहरमा Interpol को महासभाका अवसरमा हुने ASEANPOL को मिटिङमा समेत भाग लिने कार्यक्रम रहेको छ । एशिया महादेश अन्तर्गतका देशहरुका प्रहरी संगठनहरु बीचमा आपसी सहयोग र समन्वयको विकास गर्दै अपराध नियन्त्रण र अनुसन्धानका संयूक्त प्रयासलाई अगाडि बढाउने उद्देश्य यस संगठनको रहेको छ ।

अर्न्तराष्ट्रिय प्रहरी बन्धुत्वको विकासका लागि नेपाल प्रहरी र ICAP-Asia Pacific Region को संयुक्त आयोजनामा "प्रहरी व्यवस्थापन र नेतृत्व"का विषयमा अर्न्तराष्ट्रिय गोष्ठी यस वर्ष काठमाण्डौमा आयोजना हुंदा विभिन्न राष्ट्रका प्रहरी प्रमुखहरुले भाग लिएका थिए । जसमा वृहत्तर अर्न्तराष्ट्रिय प्रहरी सहयोग आदान प्रदानको विषयमा विचार विमर्श भएको थियो ।

यसै वर्ष २० जुन देखि २४ जुन सम्म थाइल्याण्डको राजधानी बैंककमा सम्पन्न भएको ईन्टरपोलको २४ सौं एसियाली क्षेत्रीय सम्मेलनमा नेपाल प्रहरीको तर्फबाट प्र.ना.म.नि. कृष्ण मोहन श्रेष्ठ र प्र.ना.उ.राजेश वन सहभागी हुनु भएको थियो । सम्मेलनमा मुलत : एसियाली क्षेत्रमा हिरोइन, मर्फिन उत्पादनका नियन्त्रण पक्ष, उत्पादनको विरुद्ध निर्वाह गरिएको भुमिका, लागु औषध ओसार-पसारको तरिका, अर्न्तराष्ट्रिय आतंकवाद, नावालक विरुद्धको अपराध, जाली नोट तथा जाली पासपोर्ट र भिषाहरु, आर्थिक अपराध एवं आपसी सहयोग र समझदारीको विषयहरुमा गहन रुपमा छलफल भएको थियो ।

त्यसै गरि SAARC राष्ट्रहरुका प्रहरी संगठनहरु बीच असल सम्बन्ध कायम गरी यस क्षेत्रमा बढ्दै गएका अपराधहरुको नियन्त्रण र अनुसन्धानमा संयुक्त सहयोगको अवधारणालाई कार्य-रुप दिने अभिप्रायले प्रथम पटक श्रीलंकाको कोलम्बोमा SAARC प्रहरी संगठनका प्रमुख तथा प्रतिनिधिहरु बीचमा तीनदिने सेमिनार आयोजना यहि जुलाई २९-३१, १९९६ मा गरियो सो सेमिनार अत्यधिक सफल एवं उत्साहपुर्ण रहेको थियो । नेपालको तर्फबाट प्र.अ.म.नि. अच्यूत कृष्ण खरेलको नेतृत्वमा प्र.व.उ. रविकान्त अर्याल तथा प्र.ना.उ. नवराज सिलवाल समेत सम्मिलित तीन सदस्यीय टोलीले उक्त सेमिनारमा भाग लिएको थियो । सो सेमिनारमा विभिन्न बुंदाहरुमा सर्वसम्मतबाट निर्णय गरिएको थियो ।

यसरी अन्तराष्ट्रिय प्रहरी सहयोग कार्यक्रमले राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा घट्ने अपराधहरुलाई नियन्त्रण गर्न, अपराधको सफल अनुसन्धान गर्न तथा एक देशमा अपराध गरेर अर्को देशमा लुकिछिपि बसेका अपराधीहरुलाई सम्बन्धित राष्ट्रलाई सुपुर्दगी गर्ने जस्ता कार्यहरु हुन जाने कुराहरुमा विश्वस्त रहन सकिन्छ । विश्वमा बढ्दो अपराधीकरणको प्रभावलाई निस्तेज बनाउन अर्न्तराष्ट्रिय प्रहरी सहयोग कार्यक्रमले कुनै एउटा राष्ट्र मात्र लाभान्वित नभई समष्टिगत समाधानको खोजीमा एउटा सकारात्मक र उत्साहवर्धक स्थितिको श्रृजना भएको छ ।



# International Police Cooperation Programme

Nepal Police has been working as an active member of Interpol. The objective of forging cordial ties between police organisations of member countries through cooperation and understanding at regional and inter-continental levels has already begun. Similarly ASEANPOL and SAARCPOL are two budding police organizations. In order to play an active role in ASEANPOL, a delegation for the Interpol meeting in Turkey, led by the IGP, will also attend the meeting. The organization has been established with the objective of strengthening co-operation between police organizations of Asia aimed at combined efforts for crime control and investigation.

During the International Seminar on police brotherhood organised by Nepal Police and ICAP Asia Pacific Region, discussions were held on international police co-operation and exchanges.

Earlier this year DIG Krishna Mohan Shrestha and DSP Rajesh Bar represented Nepal Police at the 24th Asian Regional Conference of INTERPOL held in Bangkok, Thailand, from 20-24 June, 1996.

Extensive discussions were held on issues including the production of heroin and morphine in the Asian region, counter measures for production, methods used in drugs trafficking, international terrorism, crime against children, forged currency notes, passports and visas, financial crimes and mutual co-operation.

Likewise, a 3-day seminar for SAARC police chiefs was held for the first time in the Sri Lankan capital Colombo from July 29-31, with the objective of strengthening co-operation in crime control and investigation. The seminar turned out to be a very successful and fruitful one. Country papers were presented on the occasion. The 3-member Nepalese delegation was led by AIGP Achyut Krishna Kharel and Ravi Kant Aryal together with DSP Navaraj Silwal were other members.

Various decisions were unanimously approved during the seminar.

In this manner, co-operation with International police helps in restricting international crime, facilitates efficient investigation and prevents a criminal from committing crime in one country and hiding in another.

The program of International Police co-operation has not only benefited a single country but has ensured better and more efficient management of crime, effective investigation and created an atmosphere of collective effort towards finding comprehensive solutions.



# विश्व शान्ति स्थापना कार्यको लागि नेपाल प्रहरीको सहभागिता



*प्र.अ.म.नि. ध्रुव बहादुर प्रधान ज्यूबाट यू.एन. मिशनमा भाग लिन जाने अधिकृतहरुको विदाइ*
*AIGP Pradhan bids farewell to participants of the UN Mission.*

विश्व शान्तिको लागि बढी भन्दा बढी राष्ट्का सदस्यहरुलाई सहभागि गराउने संयुक्त राष्ट् संघको नीति अनुरुप दक्षिण एशियाली राष्ट्रहरु मध्ये नेपालको तर्फबाट नेपाल प्रहरीको पनि केही वर्ष देखि सहभागिता रहदै आएको छ। मिति २०४८ साल फाल्गुन ९ गतेबाट पुर्व युगोस्लाभियामा पहिलो पटक सहभागि भए यता नेपाल प्रहरी हाल सम्म ८ वटा यु.एन.मिसन हरुमा सहभागि भै सकेको छ। दर्जागत रुपमा गर्ने हो भने प्र.व.उ.-४, प्र.उ.-२६ प्र.ना.उ.-९६ , प्र.नि.-१०६ प्र.ना.नि. -१५८, प्र.स.नि.-१५४, प्र.ह.-४५, प्र.ज.-४७ गरी जम्मा ६२६ जना प्रहरी कर्मचारीहरुले विश्व शान्ति कायम गर्नमा आफ्नो भुमिका निर्वाह गरि सकेका छन् र भविष्यमा पनि यस किसिमको सहभागिताको अनुपातमा वृद्धि हुने अनुमान गर्न सकिन्छ।

आर्थिक वर्ष २०५२।५३ मा हाइटीको यु.एन.मिसन (UN) मा सहभागि भई नेपाल प्रहरीका अधिकृतहरु शान्ति पुर्वक निर्वाचन गराउने कार्यमा पर्यवेक्षकको रुपमा खटीएका थिए। नेपाल प्रहरीको तर्फबाट प्र.उ. ३, प्र.ना.उ.९, प्र.नि.९, प्र.ना.नि.-२० र प्र.स.नि.-१३ गरि जम्मा ५४ जना प्रहरी अधिकृतहरुको सहभागीता रहेको उक्त मिशनमा स्वतन्त्र तथा शान्तिपुर्वक राष्ट्रपतिको निर्वाचन सम्पन्न गराउने साथै मानव अधिकार तथा स्वतन्त्रताको हननको रक्षा गर्न अनुगमन तथा पर्यवेक्षक (MONITOR) को रुपमा कार्य गर्ने साथै स्थानीय प्रहरीलाई तालिम दिने र उनीहरुको काम कारवाहीको निरीक्षण एवं मुल्यांकन गर्ने जस्ता महत्वपूर्ण जिम्मेवारी रहेको थियो।

पांच वर्ष देखि अनवरत रुपमा यु.एन.को विभिन्न मिसनहरुमा पर्यवेक्षकको रुपमा कार्य गर्दै आएको नेपाल प्रहरीका सदस्यहरुको कार्य कुशलता एवं कार्य दक्षताको मुल्यांकन भई पुर्व युगोस्लाभिया तथा रुवाण्डामा शान्ति स्थापना-को सही उपायको खोजी एवं अनुसन्धान अधिकृतका रुपमा क्रमश : २०५२।५३ मा नेपाल प्रहरीका सिनियर प्रहरी अधिकृतहरु अनुसन्धान अधिकृतका रुपमा क्रमश : २०५२।४।१७ बाट नेदरल्याण्ड तथा २०५२।७।१ बाट रुवाण्डामा खटिई गएका छन्। अनुसन्धान अधिकृतको रुपमा नेदरल्यान्ड, हेगमा प्र.ब.उ.१ र प्र.ना.उ. १ गरी २ जना सिनियर प्रहरी अधिकृत तथा रुवाण्डामा प्र.उ. १ र प्र.नि.१ गरी दुई जना सिनियर प्रहरी अधिकृतहरु कार्यरत रहेका छन्।

अनुसन्धानका विविध पक्षहरु जस्तो सोध पुछ गर्नु, भौतिक सवुद संकलन गरी सुरक्षीत राख्नु, अभिलेख अध्यावधिक गर्नु, मुद्दा तहकिकातमा प्रत्यक्ष संलग्न रहनु, विभिन्न सभा सेमिनारहरुमा भाग लिनु, साक्षीको सुरक्षा गर्नु, अदालतसंग सम्बद्ध रही विविध अनुसन्धानात्मक कार्य गर्नु तथा संयुक्त राष्ट्का निति एवं कार्यविधि लागु गर्नु जस्ता महत्वपूर्ण जिम्मेवारीहरु निर्वाह गर्नमा अन्य विकसित राष्ट्का सहभागि सरह नेपाल प्रहरी दत्तचित रहेको पुष्टपोषणहरु प्राप्त भएबाट आजको विश्वमा प्रहरी सेवा र कार्य सम्बद्ध क्षेत्रमा नेपाल प्रहरीका सदस्यहरुको काम कारवाही सन्तोषजनक रहेको कुरामा विश्वास लिन सकिन्छ। यसै गरी प्र.ना.उ.- १ प्र.नि.-१, प्र.ना.नि. १८, र प्र.स.नि.-५ गरी २५ जना प्रहरी अधिकृतहरु मिति २०५२।७।२२ देखि उत्तर इराकको तीन वटा शहरहरु सुलिमनियाह, अरबिल र डोहुरुमा विभिन्न कार्यालयहरुमा सुरक्षाकर्मीको रुपमा कार्यरत रहेका छन्।

यसरी संयुक्त राष्ट् संघको निति अनुरुप स्थापना भएमा विभिन्न मिसनहरुमा सहभागि भई नेपाल प्रहरीका सदस्यहरुबाट विश्व शान्ति स्थापना कार्यमा भएको योगदानलाई विश्लेषण गर्दा नेपाल प्रहरीको संगठन अन्तराष्ट्रिय जगतमा प्रतिस्पर्धात्मक रुपमा जिम्मेवारी वहन गर्न सक्षम रहेको स्पष्ट देखिन्छ भने अर्को तर्फ अन्तराष्ट्रिय भाइचारा अभिवृद्धि गर्न राष्ट्लाई सहयोग पुऱ्याउदै आएको समेत महसुस भएको छ। यस किसिमको कार्य प्रकृतिले प्रहरी संगठन भित्रै व्यावसायिक स्तर वृद्धि गर्नमा समेत महत्वपूर्ण भुमिका निर्वाह गर्दै आएको विश्वास लिन सकिन्छ।

# Participation of Nepal Police for the establishment of world peace

In accordance with the policy of the United Nations to increase participation of member-countries, the participation of Nepal Police among South Asian nations, has been very notable in the past years. Nepal Police has participated in eight UN missions since its first participation in 9th Falgun 2048, former Yugoslavia. Taking into account the various ranks of the police force: SSP - 4, SP - 26, DSP - 16, inspector - 106, sub-inspector - 158, ASI - 144, Head constable - 45, Constable - 47, altogether 626 police officials have been playing a vital role in maintaining world peace. In the future, similar participation is expected to increase.

In the fiscal-year 2052/053 Nepal Police officials have been deputed as monitors for UN Mission to conduct the elections peacefully, in Haiti. Nepal Police, altogether 54 officers-comprising of SP - 3, DSP - 9, sub-inspector - 20, ASI - 13, had participated in the Mission. The officials were deputed to conduct the the presidential election in a fair and peaceful manner. The officials worked as monitors to protect human rights and freedom; a responsible task was entrusted to train, supervise and evaluate the police at Haiti.

The members of Nepal Police have been serving incessantly as observers.

At various missions in the UN, after evaluating the working skills and efficiency of Nepal Police at Yugoslavia and Rwanda, the members have been deputed as investigative officers, as senior police officers to the Netherlands in 2052/4/17 and there after to Rwanda in 2052/7/1 respectively for the year 2052/053. Two senior police officers SSP - 1 and DSP - 1 have been working in Hague Netherlands, officers and two officers - SP, and Inspector in Rwanda.

Nepal police has been enquiring into miscellaneous aspects of investigation; collecting and preserving physical evidence; updating the records; directly being involved in case registration; participating in various meetings and conferences; protecting the witness; remaining in contact with the court and getting involved in various investigations; implementing the policy and work-methodology of the UN in the same manner as other participants of developed nations.

The performance of Nepal Police has been very successful by judging the examples of its genuine concern of duty in the world today. 25 police officers, including DSP - 1, Inspectors - 1, sub-Inspector - 18 and assistant sub-inspectors have been working as security - personnel in the Iraqi cities of Sulemahnia, Arbil and Dohuru since 2052/7/22.

It is clear that Nepal Police has been successful in demonstrating its efficiency in peace-keeping Missions abroad at the call of the United Nations, with a competitive responsibility in the International arena. Likewise, it has contributed in promoting International brotherhood and strengthening professionalism within the police force.





*यू.एन. मिशनका क्षणहरु ।*
*Activities while on the UN Mission.*

# सामुदायिक प्रहरी नयां आयाम तथा प्रतिवद्धता

१. परिचय : आजको वदलिदो परिस्थितिमा प्रहरीको कार्य क्षेत्रलाई यथास्थानमा नराखी व्यापक रुपमा यसको कार्य क्षेत्रलाई वढाउदै लगि समाजमा जनचेतना जगाई प्रहरी र स्थानीय जनताको समन्वयवाट अपराधीक कार्य नियन्त्रण सरल, सुलभ र प्रभावकारी होस् भन्ने उद्देश्य राखि सामुदायिक प्रहरीको स्थापना भएको हो । सूचना मुलक जानकारी, असल कार्य प्रति लाग्ने उत्प्रेरणा र जनहित सम्बन्धी कार्य गर्न समाजलाई नेतृत्व प्रदान गर्न सक्नु एक कुशल सामुदायिक प्रहरी सेवाको पहिचान हो । नेपाल प्रहरीले समाजको नै प्रत्यक्ष सहभागीता गराई प्रहरी प्रति जनविश्वास बढाउदै लैजाने र अपराधको रोकथाम र अनुसन्धानमा जनसाधारणलाई परिचालित गर्न सकियोस भनि सामुदायिक प्रहरी सेवाको अग्रसरतालाई वढावा दिंदै लैजाने नीति लिएको छ ।

२. संगठन




३. कार्य




४. उपलब्धी : सामुदायिक प्रहरी सेवाको स्थापना पछि त्यस क्षेत्रका जनताहरुले के कस्ता किसिमका सहयोग र सेवा पाउन सफल भए त्यसलाई उपलब्धीका रुपमा लिनु पर्ने हुन्छ । जनतालाई अनावश्यक व्यवधानबाट छुटकारा दिलाउने, जनचेतना जगाउने कार्यमा जनसमर्थन, प्रौढ शिक्षा, सिपमुलक तालीम, स्वास्थ्य सेवा, एम्बुलेन्स, वृक्षारोपण र विभिन्न विषयमा जानकारी तथा विविध सेवामुलक रचनात्मक कार्यमा सकारात्मक सहयोग आदि जस्तो उल्लेखनीय कार्यहरुलाई यसका उपलब्धी रुपमा लिन सकिन्छ । गत आ.व.मा.लिखित र मौखिक गरी ६८४ विविध निवेदन दर्ता भएकोमा सामुदायिक प्रहरी चावहिलले ४२३ वटा समस्याको समाधान गरेको, केही खोजी हुदै गरेको र समाधान हुन नसकेको निवेदनहरु व.प्र.का. गौशालामा पठाएको तथ्य उक्त कार्यालयको अभिलेखवाट देखिन आउछ ।

५. निष्कर्ष : समाजको धारणालाई विकास गरी प्रहरीको छवीलाई सकारात्मक रुप दिन वर्तमान परिप्रेक्षमा सामुदायिक प्रहरीको टडकारो आवश्यकता खड्कीएको छ । असिमित जनचाहना तथा सिमित श्रोत र साधनका कारण सामुदायिक प्रहरीले जे जति कार्य गर्नु पर्ने हो त्यति गर्न सकिरहेको छैन । यसका आफ्नै सिमितता र वाध्यताहरु छन् । समाजमा प्रभावकारी रुपले कार्य गर्न त्यस क्षेत्रका जनता, प्रवुद्ध वर्ग, संघ संस्था, युवा क्लब आदिले पनि सक्रियता देखाउनु पर्छ साथै ठोस नीति निर्देशन, भौतिक साधन र सम्पूर्ण राजनैतिक पक्षहरुले सहभागीता देखाएमा मात्र सामुदायिक प्रहरीले समाजमा पूर्ण सफलता पाउंन सक्ने देखिन्छ ।

# Community Police

1. In the changed context the role of police has assumed the responsibility of creating public awareness and controlling crime with the co-operation of the local community. This has given birth to Community Police. The true mark of Community Police lies in its ability to provide information, inspire positive thinking, work for public interest, and provide leadership. Nepal Police has adopted the policy of mobilising Commnity Police with the active involvement of the local community in controlling crime and also crime investigation, thereby increasing the public confidence towards the police force.

**2. Organization**




**3. Work Description**






*सामुदायिक प्रहरीको सक्रियतामा स्वास्थ्य परिक्षण शिविर*
*A health camp organized by community police*

4. Achievements: The service and co-operation received by the local community after establishment of the community police unit can be taken as a measuring rod for its success. Some of its achievements include: saving the public from unnecessary hassles, creation of public awareness, adult education, skill oriented training, health service, ambulance service, tree plantation, and the dissemination of relevant information.

In the past fiscal year, out of 684 verbal and written complaints, 423 problems were solved, some are in the process of investigation while a few have been referred to the Gaushala Ward Police Post.

5. The need for community police for the promotion of the concept of society and projection of a positive police image has been strongly felt. The community police has not been able to deliver as much as expected on account of unlimited desires and limited resources at its disposal.

The local people, intellectuals, organizations and association, youth clubs etc. can make an equal contribution for making social work more effective. The community police can work with success only if there is a concrete policy, physical resources and the participation of all political forces.




# अपराध अनुसन्धानमा परिमार्जनका प्रयास

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले अपराध अनुसन्धान र नियन्त्रणमा नयां सोचाई र योजनाहरुको थालनी गरेको छ । अनुसन्धान अधिकृतहरु र विशेषज्ञहरुको सेवालाई सुदृढ बनाएर लैजाने प्रकृयालाई अझ अगाडी लगिएको छ । अनुसन्धान अधिकृतहरुको सेवा विशिष्टिकरणलाई विशेष महत्व दिईएको छ । त्यस्तै अपराध अनुसन्धानमा नयां नयां सिद्धान्त र प्रविधिलाई महत्वपूर्ण स्थान दिई अनुसन्धानको प्रकृयालाई आधुनिकीकरण गर्ने प्रयासको थालनी गरी सकिएको छ । अपराध अनुसन्धानमा वैज्ञानिक साधन र विधिविज्ञानको उपयोगलाई बढाएर लैजाने कार्यमा विशेष जोड दिईएको छ । अपराधीहरु नछुट्न र निरपराधीहरुले दुःख नपाउन तथा संविधानले सुनिश्चित गरेको जनताको मानव अधिकारको उलंघन नहो्स भन्ने कुरामा हामी सजग रहेको छौं ।

यस वर्ष काठमाण्डौ उपत्यकाका विभिन्न क्षेत्रहरुमा खास खास अपराधहरुको (Crime pattern analysis) अपराध प्रवृत्तिको विश्लेषण गर्ने कार्यको शुरुवात गरी सो अपराध के कति कारणले अत्यधिक रुपमा घटि रहको छ र यसलाई रोकथाम गर्न के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ भन्ने अपराधगत अध्ययन र विश्लेषण प्रंकृयाको शुरुवात गरिएको छ । यसरी अपराध रोकथाम र अनुसन्धानमा बहुआयामिक दृष्टिकोणलाई अपनाइएको छ । अधिराज्यका २७ जिल्लाहरुमा विशेष अपराध अनुसन्धान सामग्रीहरु समेत उपलब्ध गराईएको छ ।

तराईका जिल्लाहरुमा खुला सिमानाको कारणले हुने अपराधलाई कम गर्न प्रत्येक जिल्ला प्रहरी कार्यालयहरुलाई सक्षम र सुदृढ बनाउने कार्य गरिएको छ । जनशक्ति विकास र व्यवस्थापन पक्षमा विशेष जोड दिएर कार्यक्रमहरु संचालन गरिएका छन् ।

समाजका महत्वपूर्ण वर्गहरु महिला र बालबालिकाको हित संरक्षण गर्न जिल्लाहरुमा Women Police Investigation Team को स्थापना गरी महिला र बालबालिका विरुद्ध हुने अपराध अनुसन्धान र नियन्त्रण व्यवस्थापन मजबुत बनाउने प्रयास गरिएको छ ।

थुनुवाहरुको नैसर्गिक अधिकारको रक्षा गर्न हिरासत व्यवस्थापन (Custody management) को अभ्यास शुरु गरिएको छ । जनताहरुको मानव अधिकार संरक्षण गर्ने प्रहरीको जिम्मेवारीलाई सुदृढ बनाउन प्रहरी प्रधान कार्यालयमा Human Rights Cell को गठन गरिएको छ भने प्रहरीहरुबाट आफ्नो अधिकारको दुरुपयोग नहोस् भन्ने कुरामा दृष्टि अनवरत राख्न "Police Authority abuse Monitoring Cell" को गठन गरिएको छ ।

नेपाल प्रहरीको Effective Police Strategy लाई व्यापक रुपमा सफल बनाउन Citizens Counseling in Crime Prevention भन्ने सिद्धान्तलाई अगाडि ल्याईएको छ । यसरी अपराध अनुसन्धान र नियन्त्रणमा जनसहभागीताको पक्षलाई सबल बनाउन विभिन्न प्रयासहरु गरिएका छन् । सामुदायिक प्रहरी कार्यक्रम यसको ज्वलन्त उदाहरण हो । काठमाण्डौं उपत्यकाको महाराजगंज, चावहिल र बानेश्वरमा लागु गरिएको यस कार्यक्रमलाई क्रमश : अधिराज्यभर लिएर जाने नीति समेत अख्तियार गरिएको छ ।

यसरी बढ्दो रुपमा रहेको अपराधको प्रवृत्तिलाई नियन्त्रण गर्न संगठनले विभिन्न प्रयासहरुलाई सुदृढ बनाएको छ । जनधनत्वको सुरक्षा तथा राष्ट्रको आन्तरिक सुरक्षाको अभिभारा बोकेको नेपाल प्रहरीले सामना गर्नु परी रहेको चुनौतिहरुलाई कम गर्न संगठन भित्र कार्यरत प्रत्येक जनशक्तिलाई सक्षम, सवल र परिस्कृत बनाउने प्रकृयालाई विशेष महत्व दिईएको छ । साथै अपराध अनुसन्धानमा मित्र राष्टका प्रहरी संगठनहरुसंग मिलेर कार्य गर्ने परीपाटीलाई समेत सवल बनाउने नेपाल प्रहरीको प्रयास रहेको छ ।

# Modern Approach to Crime Investigation

The Criminal Investigation Department at Police Headquarters has commenced new plans and methods to investigate and control crime. Investigation Officers and Experts are striving to make the Criminal Investigation Department more effective. The services of investigation officers have been held in high esteem. In order to revise the system of existing investigation, new principles and techniques have been emphasised. Scientific tools and Scientific methods have been increased for criminal Investigation Research. We are alert that the criminals be punished, innocents don't get punished, and non-violation of human rights guaranteed by the constitution.

The crime pattern analysis has been implemented this year in the valley of Kathmandu. Investigation and analysis has begun to investigate into the causes of crimes, how can a check be put on such crimes. Therefore, with a comprehensive view, an attempt has been made to put an end to crimes. Crime investigation materials have been made available at 27 Districts of the Kingdom.

Due to the open border in the Tarai, every district police office has been adequately equipped and made efficient to lessen incidents of crime. Programmes have been conducted by increasing manpower and management facilities.

Women and children are the important factors of the society, a welfare trust has been established. The establishment of Women Police Investigation Team in the districts, has strengthened the efforts to control and investigate crime against Women and children.

The practice of Custody Management has commenced to protect the rights of the prisoners. To preserve the Human Rights of the public, police responsibility has been reinforced by constituting Human Rights Cell. Police authority abuse monitoring cell has been formed to check the abuse of police rights at Police Headquarters.

To make "Effective Police Strategy" more extensive and successful, Nepal Police has adopted the principle of "Citizen's Counselling in Crime Prevention". Various efforts have been made to investigate and control crime by enlisting public participation; the Community Police Programme is an outstanding example. A policy has been adopted to make the Programme nation-wide beginning with the Kathmandu Valley - Maharajgunj, Chabahil, and Baneshwor.

The committee has strengthened its efforts to control the growing crime tendency. Special importance has been accorded towards making human resources of the committee effective, able and in tune with the times, in order to ease the responsibility of Nepal Police which has to face the challenges of the security of civilians and property. Nepal Police has also been directing its efforts to enlist the co-operation of Friendly-Countries in crime investigation.



# नेपालमा लागु औषधको वर्तमान स्थिती

१. परिचय : वर्तमान विश्वमा बढ्दै गैरहेको लागु औषध अपराधको समस्याबाट नेपाल पनि अलग रहन सकेको छैन। यस प्रकारको समस्याहरुलाई समयमै प्रभावकारी रुपमा नियन्त्रण नगरिएको खण्डमा भविश्यमा यसको विकराल समस्याबाट भावी पिढीलाई बचाउन असंभव हुन जान्छ।

भविष्यमा समाज र यूवाहरुलाई यस विकराल स्थितिबाट जोगाउन आवश्यक छ भन्ने महसुस गरी श्री ५ को सरकार तथा संयुक्त राष्ट्र संघीय लागु औषध नियन्त्रण कार्यक्रम बीच सन् १९९२ मा संझौता भई लागु औषध नियन्त्रण आपूर्ति पक्ष र माग घटाउ परियोजना लागु भई कार्यान्वयन भएको छ।

२. प्रचलन (TRENDS) : हेरोईन जस्तो लागु पदार्थको सहज प्राप्तीमा कठिनाई, बढी आर्थिक भार तथा प्रहरीको नियन्त्रण पक्षमा आएको तदारुकताका कारणले दुर्व्यसनीहरुले हेरोईन जस्ता कडा लागु पदार्थ तिर भन्दा मनोदिपक पदार्थ (Psychotropic Substances) तिर बढी ध्यान केन्द्रित गरेको पाईन्छ। केहि वर्ष पहिले काठमाण्डौ उपत्यकामा लागु औषधको बढि प्रयोग हुने गर्दथ्यो भने आजभोलि उपत्यका बाहिर पोखरा, नेपालगन्ज, भैरहवा, बुटवल, बीरगञ्ज, विराटनगर,धरान र अन्य नेपाल भारत सिमामा लागु औषधको समस्या पाईरहेको छौ। शनै शनै यसको दुर्व्यसन बढने क्रम जारी छ। दुर्व्यसनीहरुको हकमा १५ देखि ३० वर्ष उमेर बीचका युवाहरु नै बढी प्रभावित छन्। नेपालमा करिब ३० हजार दुर्व्यसनीहरु रहेको अनुमान गरिए पनि एकिन रुपमा दुर्व्यसनीहरुको संख्या किटान गर्न सक्ने कुनै तथ्य आधार छैन।

३. मार्गहरु (Routes) : नेपाल Golden Triangle तथा Golden Crescent को विचमा अवस्थित भएकोले यहां खपत हुने लागु औषध अतिरिक्त विदेशमा जाने लागु औषध समेत भित्रिने गरेको देखिन्छ। Golden Triangle मा निर्मित हेरोईन हवाईमार्ग प्रवेश गरी पुन: विविध हवाई मार्ग हुदै जापान, युरोप र अमेरिका तिर निकासी भएको देखिन्छ। भारतको उतरपुर्वी राज्यहरु पश्चिम बंगाल, मणिपुर आसाम र बर्मामा निर्मीत हेरोइन स्थलमार्ग हुदै नेपाल आई वाह्य मुलुकमा निकासी पैठारी हुने गर्दछ। Golden Crescent (पाकिस्थान) मा निर्मित हेरोइन सिधै हवाईमार्ग वा भारत हुदै नेपाल आई पश्चिमी मुलुकतिर जाने गर्दछ।

नेपालमा कडा प्रकारको लागु औषध उत्पादन नभएता पनि पहाडी जिल्लाहरुमा उत्पादन हुने चरेश काठमाण्डौ आई वायुमार्गबाट यूरोप, अमेरीका,पुर्वि एशिया ,हङगकङग, थाईल्याण्ड, जापान र भारतमा जाने गरेको देखिन्छ। यसै गरी स्थलमार्गबाट बुटवल, विरगंज, झापा, भैरहवा, नेपालगंज, महेन्द्रनगर हुदै कलकत्ता पुगी जलमार्गबाट पनि यूरोप, अमेरीका, अष्ट्रेलिया र न्युजील्याण्डमा जाने गरेका पाईन्छ। नेपाल छोटो विश्राम स्थल (Transit point) को रुपमा प्रयोग भएको पनि देखिन आएको छ।

४. अपराधिक कार्य प्रणाली (Modus Operendi): नेपाल भित्र उत्पादन हुने चरेश गांजा भरियाको माध्यमले सुगम सवारी साधन चल्ने स्थान सम्म ल्याईन्छ भने नेपालबाट बाहिर कार्गोको माध्यम, मानिसले आफै पेटमा क्याप्सुल बनाई निलेर, शरीरमा बेरेर, कुनै धातु, वस्तु वा साधनमा छुपाएर बाहिर पठाईन्छ। सानो परिमाणमा चिठी भित्र राखेर पठाईएको पनि पाईएको छ। लागु औषध कारोवार गर्ने यात्रीहरुको बारेमा अध्ययन गर्दा मुख्य कारोवार गर्ने व्यक्तिहरु स्वयं नलगी अन्य व्यक्तिलाई विभिन्न प्रलोभनमा पारी ओसार पसार गर्ने गराउने गरेको पाईन्छ। दैनिक रुपमा प्रयोग हुने सामाग्री जस्तै छाता, जुत्ता, थरमस, बाकस, चियापत्ती आदि विभिन्न सामानमा लुकाई ओसार पसार गर्ने प्रविधि पनि प्रयोगमा रहेको छ।

५. नियन्त्रण पक्षमा प्रहरीको भुमिका (Police Performance) : नेपालमा प्रहरीद्धारा लागु औषध नियन्त्रण गर्नमा कटिवद्धता देखिईएता पनि अन्य सम्बद्ध पक्षलाई पनि समावेश गरेमा बढि प्रभावकारीता आउने हुंदा केहि समय देखि हुलाक, अध्यागमन, भन्सार आदिलाई जानकारी गराउने उद्देश्यले दातृ राष्ट्रहरुको सहयोगले विभिन्न तालीम, सेमिनारहरु भईरहेको छन्। देशका १४ अंचल र क्षेत्रहरुमा लागु औषध बारेमा तालीम, ओरिएन्टेसन कक्षा संचालन गर्दै विमानस्थल र विभिन्न निकासी पैठारी हुने संभाव्य नाकाहरुमा लागु औषध नियन्त्रणको लागि विशेष प्रहरी टोलीहरु खटिएका छन्। नेपाल प्रहरीका का.वा.वरिष्ठ प्रहरी अधिकृत रविराज थापा कोलम्वो प्लान Drug Bureau को डाईरेक्टर पदमा ४ वषको लागि नियुक्त हुनु पनि हाम्रो लागि गौरवको कुरो हो।



*चरेश बरामद*
*Hashish seized.*

## सन् १९९१ देखि १९९६ सम्म लागू औषध मुद्दामा पक्राउ परेका अभियुक्त तथा लागू औषध परिमाण

| आर्थिक वर्ष | पक्राउ संख्या | नेपाली | | विदेशी | | गांजा | | | चरेश | | | हेराईन | | | अफिम | | | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुं. | म. | पु. | म. | के.जी | ग्राम | मी.ग्राम | के.जी | ग्राम | मी.ग्राम | के.जी | ग्राम | मी.ग्राम | के.जी | ग्राम | मी.ग्राम | |
| १९९१ | ५२० | ४५१ | २० | ४५ | ४ | ५४५ | ४९४ | ७४२ | ७०९ | ७६७ | ४१७ | ८ | ४२४ | ९३७ | ० | १७१ | ० | विभिन्न मनोद्दिपक पदार्थ |
| १९९२ | ५२९ | ३९५ | ३४ | ९५ | ५ | २१३३ | ३२४ | ७५० | ९५८ | १०५ | ५९० | २१ | ३९५ | ४८६ | ० | ७३७ | ० | विभिन्न मनोद्दिपक पदार्थ |
| १९९३ | ६८७ | ५७० | २२ | ९२ | ३ | २४४८ | १९४ | - | ५१७ | ८९७ | ५५० | १८ | १४७ | ८१० | - | ४ | ९९५ | विभिन्न मनोद्दिपक पदार्थ |
| १९९४ | ७८५ | ६४४ | ४३ | ९५ | ३ | २४८२ | ४७० | ५०० | १२७३ | ६१७ | १३८ | १७ | ११९ | १७७ | ० | ४७७ | - | विभिन्न मनोद्दिपक पदार्थ |
| १९९५ | ८१० | ६४२ | ४२ | ११६ | १० | ५५२१ | १५० | ५०५ | २१३३ | ४२८ | १३१ | ७ | ३२० | २४५ | - | २०५ | ५०५ | विभिन्न मनोद्दिपक पदार्थ |
| १९९६ | ६०७ | ५२५ | ३३ | ४९ | - | १३४८ | ६१४ | ५५८ | १८२५ | ४९२ | ९६ | ८ | ६६४ | ३३५ | १ | १४० | - | विभिन्न मनोद्दिपक पदार्थ |
| | ३९३८ | ३२२७ | १९४ | ४९२ | २५ | १४४७७ | २२४६ | ३०५५ | ७४१५ | ३३०६ | १९२२ | ७९ | २०६९ | २९९० | ५ | १७३४ | १५०० | |

## Number of persons arrested and quantities of drugs seized 1991 to 1996

| Fiscal Year | No. of Persons Arrested | Nepalese | | Foreigner | | Cannabis | | | Hashish | | | Heroin | | | Opium | | | Others |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | M | F | M | F | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg. | |
| 1991 | 520 | 451 | 20 | 45 | 4 | 545 | 494 | 742 | 709 | 767 | 417 | 8 | 424 | 937 | 0 | 171 | 0 | Different psychotropic substances |
| 1992 | 529 | 395 | 34 | 95 | 5 | 2133 | 324 | 750 | 958 | 105 | 590 | 21 | 395 | 486 | 0 | 737 | 0 | Different psychotropic substances |
| 1993 | 687 | 570 | 22 | 92 | 3 | 2448 | 194 | - | 517 | 897 | 550 | 18 | 147 | 810 | - | 4 | 995 | Different psychotropic substances |
| 1994 | 785 | 644 | 43 | 95 | 3 | 2482 | 470 | 500 | 1273 | 617 | 138 | 17 | 119 | 177 | 4 | 477 | - | Different psychotropic substances |
| 1995 | 810 | 642 | 42 | 116 | 10 | 5521 | 150 | 505 | 2133 | 428 | 131 | 7 | 320 | 245 | - | 205 | 505 | Different psychotropic substances |
| 1996 | 607 | 525 | 33 | 49 | - | 1348 | 614 | 558 | 1825 | 492 | 96 | 8 | 664 | 335 | 1 | 140 | - | Different psychotropic substances |
| | 3938 | 3227 | 194 | 492 | 25 | 14477 | 2246 | 3055 | 7415 | 3306 | 1922 | 79 | 2069 | 2990 | 5 | 1734 | 1500 | |





# A WINNING COMBINATION OF BUSINESS AND PLEASURE

**MARCOPOLO BUSINESS HOTEL**

The capital of Nepal is the business center of this developing region. The opening up of the skyways of Nepal, the deregulation of banks and insurances, the numerous international joint venture projects sanctioned are all testimonies to a vibrant business environment. Marcopolo Business Hotel has opened its doors to both business travellers and tourists alike in celebration of these exciting happenings in the foothill of the Himalayas.

**SAKYA & SAKYA**

SAKYA & SAKYA CORPORATE HOLDINGS began their involvement in Nepal's tourism by opening the legendary Kathmandu Guest House in Thamel in 1969. The Hotel Ambassador opened in 1979, followed by the Marcopolo Business Hotel in 1993. The Club Himalaya Resort at Nagarkot on the rim of the Kathmandu valley opened in 1996 and the Park Royal Village Resort at Budhanilkantha will be opened soon.

***Hotel Ambassador***

Conveniently close to the Royal Palace and several of the major embassies, the Hotel Ambassador is ideally situated both for business and for exploring the sights of the Kathmandu Valley. With a Business Centre, ample car parking and easily arranged transportation, the hotel caters to those on official or commercial visits, while the city centre and the colourful Thamel district are only 10 minutes walk away.

E X P E R I E N C E T H E E X P E R I E N C E . . .

- MARCOPOLO BUSINESS HOTEL, P.O. Box 2769, Kamaladi, Kathmandu, Nepal, Tel: 415432, 416432, Fax: 977-1-418832, 418479, Telex: 2321 BASS NP
- HOTEL AMBASSADOR, P.O.Box 2769, Lazimpat, Kathmandu, Nepal, Tel: 414432, 410432, Fax: 977-1-413641, Telex: 2321 BASS NP, Cable: BASS

SAKYA & SAKYA CORPORATE HOLDINGS

GROUP III

# Review of Drugs Related Problem

1. Introduction: Nepal has not been able to remain isolated from the increasing menace of drugs all over the world. The problem of drugs must be addressed urgently to save the future generation from drug abuse.

In order to save the society and youth from the menace of drugs, His Majesty's Govt. and the United Nations Programme for Control of Drugs entered into an agreement in 1992 and initiated a project for control of drug supply and demand reduction.

2. Trends: Due to the difficulty in obtaining heroin on account of financial reasons and the vigilance of the police, drug dependents have reverted to psychotropic substances. A few years earlier, drug abuse was prevalent in Kathmandu valley. However, in recent years, towns like Pokhara, Nepalgunj, Bhairahawa, Butwal, Birgunj, Biratnagar, Dharan, and other areas bordering India have been affected by the problem. The scourge of drug abuse is becoming severe everyday.

The age group between 15 to 30, are found to be the victim of drugs. Although it is estimated that 30,000 people abuse drugs, it cannot be said with certitude that the above is the correct figure in the absence of statistics.

3. Routes: Since Nepal is situated between the Golden Triangle and the Golden Crescent, it is found that drugs en route to other countries also enter the country. It has been observed that heroin produced in the Golden Triangle enters Nepal by air and is again flown out to Japan, Europe and America. Likewise, heroin produced in the north-eastern Indian states of West Bengal, Manipur and Assam as well as Burma enter the country via land routes and again finds its way to other countries. Similarly, heroin produced in the Golden Crescent (Pakistan) either enters Nepal directly or via India and again finds its way to Western countries.

Although hard drugs are not produced in Nepal, the hashish produced in the hill-districts comes to Kathmandu and again goes to Europe, America, East Asia, Hong Kong, Thailand, Japan and India by air. Similarly, such drugs are also transported to Calcutta via-land through Butwal, Birgunj, Jhapa, Bhairahawa, Nepalgunj, and Mahendranagar. From Calcutta, the drugs are shipped to different locations in Europe, America, Australia, and New Zealand. In this way, Nepal has become a brief transit point for drug trafficking.

4. Modus Operendi: The drugs produced in Nepal are carried by porters upto the point where transport vehicles are available. The drugs leaving Nepal are sent by cargo, by tying around the waist or by swallowing the drugs in capsules, by wrapping around other parts of the body, or by concealing in metal or other objects. It has also been observed that small quantities are dispatched in letters. A study of drug traffickers has revealed that those who indulge in the trade do not themselves carry the drugs. They often use others by promises and temptations. There is also a tendency of trafficking drugs in daily essential commodities like umbrellas, shoes, thermos flasks, boxes, tea leaves etc.

5. Police Performance: Although the Police force is committed to control drug abuse, various seminars and trainings are being organised with the assistance of donor agencies to inform and involve the postal services, immigration, customs dept., etc., in the process of drug control. Training's and orientation programmes have been conducted in all 14 zones and regions while special police teams have been formed for drug control at airports and other possible export points.

The fact that acting SSP. Ravi Raj Thapa has been appointed the Director of the Colombo Plan Drug Bureau for a 4 - year term is a matter of pride for us.



*प्रहरीहरु गांजा खेती नष्ट गर्दै ।* *Police personnel destroying cannabis*

# ट्राफिक




अन्य विकासोन्मुख राष्ट्रहरुमा जस्तै नेपालमा पनि द्रुतगतिले सवारी साधनको विकास हुदै छ। विगत ५ वर्ष देखिनै हरेक वर्ष करिव १३ प्रतिशत देखि १५ प्रतिशतले सवारी साधनको संख्यामा बढोत्तरी भईरहेको छ। अधिराज्यभरि नै विषेश गरेर काठमाण्डौ उपत्यकामा सबै भन्दा बढी सवारी चाप छ। अधिराज्य भरिको सवारी साधनको दर्ता मध्य करिव ६० प्रतिशत सवारी साधन काठमााण्डौ उपत्यकामा नै गुड्दछ।

बढ्दो सवारी साधनको संख्या संगै अन्य आवश्यक भौतिक साधनहरुको विकास नहुनाले सवारी व्यवस्थापन एउटा चुनौतिको रुपमा खडा भएको छ। सवारी साधनहरुको सुरक्षित तथा व्यवस्थित संचालन गर्ने जिम्मा बोक्ने निकायहरु मध्ये एक नेपाल प्रहरी हो। नेपाल प्रहरीको केन्द्रमा ट्राफिक नियन्त्रण महाशाखा र अधिराज्य भरी ट्राफिक इकाई तथा राजमार्ग गश्ती ट्राफिक प्रहरीहरु ट्राफिक व्यवस्थापन कार्यमा संलग्न छन्।

नेपाल अधिराज्यमा अर्थिक वर्ष २०५२/०५३-को दुर्घटना तथ्यांक हेर्ने हो भने हामी साना ठूला गरी कुल ३,३७९ वटा सवारी साधनहरु दुर्घट्नाग्रस्त भएको पाउछौ। जसमा ९२५जनाको मृत्यु भयो भने २९३२ जना घाईते भए। कुल सवारी साधान र अन्य सडकजन्य अवस्थाको तुलनामा यो तथ्यांक ज्यादै उच्च नभए पनि यसले गरेको संकेतवाट हामीले यस दिशामा गर्नु पर्ने कार्यहरु प्रसस्त रहेको महशुस हुन्छ।

विगत केहि वर्ष देखि ट्राफिक नियन्त्रण महाशाखा तथा अन्य ट्राफिक प्रहरी कार्यालयहरुको अथक प्रयासबाट काडमाण्डौको सवारी प्रवाहमा सुधार भएको छ। सवारी संख्यामा बृद्धि भएता पनि सवारी दुर्घटनाबाट हुने मृत्युमा कमी आएको छ। गतवर्ष ट्राफिक सुधारका लागि गरिएका केहि कार्यहरु निम्न छन् :

१. सवारी चालक अनुमतीपत्रमा सुधार, ट्रक, बस, मिनिट्रक, मिनिबस, जस्ता सवारीलाई व्यावसायिक सवारी चालक अनुमतीपत्र विषेश परिक्षा पश्चात मात्र दिईने व्यवस्था गरियो।
२. अधिराज्य भरिको दुर्घटना तथ्यांङ्ग संकलन गरी त्यस्को विभिन्न प्रकारबाट विश्लेषण समेत गरिएको छ।
३. ट्राफिक शिक्षा तथा जनचेतना कार्यक्रम। अधिराज्यभरि शहरी ईलाका तथा राजमार्गहरुमा ट्राफिक सम्वन्धी जनचेतना बृद्धि गर्न ट्राफिक सप्ताह आयोजना गरियो। विषेश गरेर काठमाण्डौ उपत्यकामा पदयात्री सुरक्षा एउटा गम्भिर समस्या भएको हुंदा एक महिनाको पदयात्री सुरक्षा जनचेतना कार्यक्रम संचालन गरियो।
४. ट्राफिक प्रचार सामाग्री तयारी - सडक विभागको सहयोगमा स्कूलका विधार्थीहरुमा ट्राफिक ज्ञान बढाउने उद्देश्यले पोष्टरहरु र शिक्षकहरुलाई उक्त पोष्टरको प्रयोग सम्वन्धी निर्देशिका तयार गरी वितरण गर्न शुरु गरियो।
५. मोड तथा चौवाटो सुधार सडक विभाग र ट्राफिक प्रहरीद्वारा संयुक्त रुपमा दुर्घटना नियन्त्रण गर्न तथा सवारी प्रवाह बढाउन विभिन्न स्थानमा सडकको structure मा सुधार गर्नुका साथै अन्य पार्किङ साईनवोर्डहरु स्थापना गरियो।



*वायु प्रदुषण नियन्त्रणमा प्रहरीको भुमिका :*

विगत केहि वर्ष देखि सवारीद्वारा हुने वायु प्रदुषण विशेष गरेर काठमाण्डौ उपत्यका तथा अन्य शहरी ईलाकामा समस्याको रुपमा देखा परेको छ। वायु प्रदुषण बढाउनमा एकसाथ धेरै Factor ले प्रभाव पारेको हुनाले यसको समाधानमा पनि विभिन्न सम्वन्धित इकाईहरुको समन्वयात्मक कोशिस हुन आवश्यक छ। २०५० सालबाट औपचारिक रुपमा सवारीबाट हुने प्रदुषणको बैधानिक मात्रा निर्धारण गरी विभिन्न निकायहरुलाई परिक्षण गर्न जिम्मेवारी दिएको थियो। एउटै काम विभिन्न निकायबाट हुंदा काम प्रभावकारी रुपले नभएको तथा ट्राफिक प्रहरीको प्रदुषण परिक्षणमा विशेष भुमिका रहेको हुंदा यस वर्षबाट सम्पूर्ण सम्वद्ध मन्त्रालयहरुले निर्णय गरी ट्राफिक प्रहरीलाई प्रदुषण परीक्षण गर्न जिम्मेवारी दिएको छ। औपचारिक रुपमा २०५३।२।२३ गते विश्व वातावरण दिवसको दिनबाट उपत्यकाको विभिन्न स्थानमा परिक्षण केन्द्र तथा एउटा गतिशिल परिक्षण केन्द्र स्थापना गरी कार्य शुरुवात गरिएको छ। हाल प्रति महिना औषत ४,५०० सवारी साधनहरुको वायु प्रदुषण परिक्षण भईरहेको छ।

# Traffic Challenges



ट्राफिक सप्ताह-१९९६
*Traffic Week-1996*

Like most developing countries, Nepal is also facing the consequences of the rapid increase in the number of vehicles. Since the past five years, Nepal has also recorded an annual increase of 13% to 15%. The strain of traffic is being felt all over the country, especially in the Kathmandu Valley. 60% of the nation's total registered vehicles ply in Kathmandu Valley alone.

The absence of other physical infrastructure in accordance with the growth in vehicles has posed a severe challenge. Nepal Police is one of the players vested with the responsibility of ensuring safe and organised traffic. The units involved in traffic regulation include the Traffic Control Division at the Centre, the Valley Traffic Office and traffic units all over the country as well as highway traffic patrol.

A review of traffic accidents in 2052/053 reveals that a total of 3,379 traffic accidents have been registered. A total of 925 people have died while 2,932 have been injured in these accidents. Although this is not yet an alarming situation, it calls for serious thought in the right direction.

In the past few years, the traffic flow in Kathmandu valley has been regulated considerably through the efforts of the Traffic Control Division and other traffic units.

Although there has been a rise in the number of vehicles, deaths from accidents have been reduced. The following are some of the efforts at improving the traffic situation since last year:

1. Improvement in the system of awarding driving licences. Introduction of the provision of professional licences following special tests for driving trucks, buses, mini trucks, mini-buses, etc.
2. Collection of statistics on accidents all over the kingdom - collection and analysis of data.
3. Traffic Education and Awareness Programme - organising "Traffic Week" Programmes in the city areas and highways throughout the kingdom for generating public awareness on traffic related issues. In view of the serious problem of Pedestrian security in Kathmandu Valley, a month-long Pedestrian Security Awareness Programme was conducted.
4. Traffic Publicity Materials - with the support of the roads department, some posters have been designed and produced with the objective of instilling traffic sense among school students. Directions for the use of these posters have started being distributed to teachers.
5. Bends and crossroads improvement: road structures have been improved and parking signboards placed with the co-operation of the roads department with the objective of minimising accidents and increasing the flow of traffic.

### The Role of Police in Pollution Control

In recent years, air pollution induced by vehicular emissions has posed a severe challenge in Kathmandu Valley and other city areas. Since air pollution is caused by several factors, it is necessary to co-ordinate participation of concerned units in finding viable solutions. Since 2052, the legal limit of vehicular emission has been fixed and various units have been entrusted with the responsibility for enforcement. Entrusting several agencies with the same responsibility did not prove to be effective so all concerned ministries have made a collective decision to entrust the Traffic Police with the task of monitoring vehicular emission through tests, keeping in view the fact that traffic police play a crucial role in pollution control tests. Officially, the task was initiated on 2053/02/23, the World Environment Day by establishing Pollution Test Centres in different parts of Kathmandu Valley and a dynamic Test Centre. On an average, 4,500 vehicles undergo air pollution tests every month.



# प्रहरी कल्याण




*कल्याण कोष अन्तर्गत निर्माण भएको सपिङ्ग कम्प्लेक्स, बेलहिया, भैरहवा ।*
*Newly inaugurated shopping complex, Belhiya, Bhairahawa.*

नेपाल र नेपालीको सेवामा दत्तचित्त रहि सेवा भावले आफ्नो सन्ततीको भविष्य प्रति निश्चितता प्रदान गर्नको लागि २०४० सालमा प्रहरी कल्याण कोषको स्थापना गरी सेवा अभिवृद्धि तथा विविधिकरण गर्दै लगिएको छ । प्रत्येक वर्ष सेवा क्षेत्र विस्तार गर्दै लगिएको यस कोषको दायरामा पर्ने व्यक्तिहरु उद्देश्यमुलक रुपमा लाभान्वीत हुदै गई रहेका छन् । मुख्यतया: यस कोषले प्रहरी कर्मचारीको आवास निर्माण, वहालवाला तथा अवकाश प्राप्त प्रहरीका बाल बालिकाहरुलाई छात्रवृत्ति, सहुलियत दरमा अध्ययनको अवसर लगायत प्रहरी शिक्षण संस्थानको विकास, प्रहरी कर्मचारीलाई सवारी साधन खरिद गर्न सापटी रुपमा किस्तावन्दीमा चुक्ता गर्ने गरी रकम उपलव्ध, प्रहरीका परिवार तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरुलाई दैवी विपत्तिमा आर्थिक सहयोग, सेवामा रहेका वखत मृत्यू हुने प्रहरी कर्मचारीलाई काज कृया खर्च, राष्ट्रमा आईपर्ने दैवी विपत्तिमा विभिन्न किसिमबाट सहयोग पुऱ्याउदै आएको छ ।

सेवामुलक उद्देश्य अनुरुप प्रहरी कल्याणको आफ्नै श्रोत साधानलाई परिचालित गरि उद्देश्य मुलक कार्यहरुको क्षेत्र पहिचान तथा प्रभावकारिता अभिवृद्धि गर्दै लगिएको छ । यस अन्तर्गत काठमाण्डैं तथा बुटवलमा भएका सपिङ कम्प्लेक्सको अलावा भरतपुर, नेपालगञ्ज र बेलहियामा निर्माणाधिन सपिङ कम्प्लेक्सहरु निर्माण पुरा गरी अन्य थप सपिङ कम्प्लेक्स समेत निर्माण गर्दै लैजाने, नयां पेट्रोल पम्प स्थापना गरिने, प्रहरी संग सम्बन्धित व्यावसायिक पुस्तकहरु छपाई विक्रि वितरण गर्ने, मौज्दात र आयमुलक कार्यमा लगानी गरी यसको श्रोत अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । यस प्रकार अझ यस्तो कृयाकलापहरुलाई सुनिश्चित एवं पारदर्शी बनाउनको लागि हाल भएको पुंजि अभिवृद्धिमा ध्यान दिई समय सापेक्ष सुविधाहरुलाई व्यापक बनाउने तर्फ कार्यक्रमहरु परिलक्षित गरिएको छ ।

प्रहरी कल्याण कोषबाट प्रहरी कल्याण तर्फ गरिएको मुख्य मुख्य कार्यहरु :

१. अक्षय कोष स्थापना :

क. श्री ५ वीरेन्द्र प्रहरी अस्पताल उपचारार्थ अक्षय कोष स्थापना रु १,१८,८८,८८९।-

ख. श्री ५ दीपेन्द्र प्रहरी उच्च मा.वि. सांगा शैक्षिक अनुदानको, लागि अक्षय कोष स्थापना रु२०,००,०००।-

ग. भुतपुर्व प्रहरी संगठन कार्यालय संचालन तथा भु.पु. कर्मचारी, कल्याण कोष स्थापना रु ३,००,०००।-

२. विभिन्न प्रहरी विद्यालयहरुलाई निर्माण तथा वैज्ञानिक उपकरण अनुदान जम्मा: ५४,८२,३४८।-

३. अन्य सेवामुलक कार्यक्रमहरु : वहालवाला प्रहरी कर्मचारीको मृत्यु भएमा मृतकका परिवारहरुलाई राहत कोष खडा गरी रु २५,०००।- (पच्चीस हजार) आर्थिक सहायता दिने व्यवस्था प्रारंभ ।

प्रहरीका विभिन्न इकाईका प्रहरी परिचर, प्रहरी जवान तथा प्रहरी हवल्दारका वालवालीकाहरुलाई कोटा निर्धारण गरी मासीक प्रतिव्यक्ति रु २००।- छात्रावृत्ति प्रदान गरिएको । दैवी प्रकोपबाट प्रभावित भएका वहालवाला तथा भुतपूर्व प्रहरीहरुलाई क्षतिको विगो हेरी क्षतिपुर्ति दिने गरिएको । प्रहरीका बाल बालीकाहरुलाई सहुलियत दरमा अध्यापन गराईएको ।

आगामी दिनका उल्लेख्य सेवामुलक योजनाहरु:

- प्रहरी कर्मचारीको लागि आवास व्यवस्था गर्न जग्गा खरिद गरी प्लट मिलाई सहुलियत दरमा किस्ता वन्दीमा वितरण गर्ने ।
- प्रहरी कर्मचारीहरुलाई आवास बनाउन सहुलियत दरमा ऋण उपलव्ध गराउने
- विद्यालयहरुको लागि स्थाई सम्पति तथा शैक्षिक सामग्री उपलव्ध गराउन अनुदान दिने ।
- सिनियर, जुनियर प्रहरी अधिकृत तथा प्रहरी जवानहरुको लागि आवास निर्माण गरी क्रमश: उपलव्ध गरांउदै लैजाने ।
- राष्ट्रमा आईपर्ने दैवी प्रकोप जस्ता आपत विपत मा राहत सहयोग उपलव्ध गराउने ।

उपचार अक्षयकोषका लागि प्रहरी अस्पताललाइं चेक हस्तान्तरण
*A check handed over to revolving fund for treatment*



# Police Welfare

It has been a matter of concern of Nepal Police to serve Nepal and the Nepali people with dedication. Therefore, a welfare-fund has been established for the benefit of the future generation.

Those who fall within the dimension of this fund have benefited in the way the objective was conceived. The fund has provided facilities chiefly, to the construction of houses of Police Officers; scholarship to children of both in-office and retired officers; opportunities to develop Police Education Institutions; loans to Police officials for the purchase of vehicles which can be paid on instalment; Financial support to police officials and retired officials in times of calamities and crisis. The fund also bears the expenses of the death rituals of police officers when in office and those who served the country in times of natural calamities in various ways.

In view with its service-oriented objective the police-welfare program has expanded its working areas by its own available resources and has made it more effective. Besides the existing shopping complexes at Kathmandu and Butwal, the construction of shopping complexes at Bharatpur, Nepalgunj and Behaliya are near to completion and more shopping complexes are being constructed. In connection with the objective new petrol pumps are being established, books are being printed in relation to police profession and existing income generating activities are being invested for productive incomes. To ascertain such activities, programmes have been directed towards increasing the capital and to expand the facilities in tune with the time.

Major Welfare Activities under the Police Welfare Fund:

1. Establishment of revolving fund.
   - A. Establishment of a revolving fund consisting of Rs. 1,18,88,889 for the treatment at Birendra Police Hospital.
   - B. A revolving fund of Rs. 20,00,000 established as an educational grant for Dipendra Police Higher Secondary School, Sanga.
   - C. A revolving fund of Rs. 3,00,000 established for the maintenance of administration of the ex-police association.



*प्रहरी कल्याण कोष अर्न्तगत निर्मित शपिङ्ग कम्प्लेक्स*
*A newly completed shopping complex in Kathmandu.*

2. A grant of Rs. 54,82,348 is offered to various police schools for construction and purchase of science laboratory apparatus.
3. Other service oriented programmes: a relief fund has been set-up, consisting of Rs. 25,000, for the family of the officer if he dies during his period of service. A grant of Rs. 200 has been allotted as per quota for the children, of non-officer-level of the police, for their education. A compensation is given to police officers as well as retired police at times of natural calamities, considering the amount of loss caused at such disasters. the children of the police have been educated at concessional rates.
4. Service-oriented plans for the future:
   - Plots of land will be distributed at concessional rates (which can be paid on instalments) to police officials for the construction of houses.
   - To provide loan assistance at concessional rates to police officials for the construction of houses.
   - To provide grants to make permanent properties for police schools and make educational materials available.
   - Housing construction is being made available gradually in line with the basis of the senior, junior officers and police constable.
   - To provide relief assistance to the Nation in times of Natural Calamities and during such crisis and disaster.



*पूर्ण शान्ति प्रहरी पुरस्कार स्थापनाको क्षण*
*Establishing the Police Medal.*

# खेलकूदमा प्रहरी

नेपाल प्रहरीको नेपालको खेलकुद विकासमा अहं भुमिका रहेको तथ्य सर्वविदितै छ । नेपाल प्रहरीले स्वास्थ्य विकास, सामुहिकताको भावना विकास गर्नको साथै आपसी भाईचारा विकास गर्ने सशक्त माध्यमको रुपमा खेलकुदलाई जहिलेपनि अगाडी सारेको छ ।

नेपालको लोकप्रिय खेलहरु मध्ये फुटवल खेलको शुरुवात देखि नै यसको विकासमा नेपाल प्रहरीको ठूलो योगदान रहेको छ। राष्ट्रिय खेलाडी उत्पादन गर्न मात्र नभएर यस खेलको जर्गेना गर्नमा महत्पूर्ण भुमिका नेपाल प्रहरीले खेलेको छ। यसै परम्परालाई कायम राख्दै २०५३ सालमा एउटा अन्तराष्ट्रिय प्रहरी फुटवल प्रतियोगिताको आयोजना हुन गई रहेको छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको पुनित अवसरलाई भव्यताका साथ मनाउने सिलसिलामा नेपाल प्रहरीद्वारा २०५३ साल मंसिरमा यस प्रतियोगि-ताको आयोजना हुन गई रहेको छ । यस प्रतियोगिताले प्रहरी पेशासंग सम्वद्ध संगठनहरु वीच अन्तराष्ट्रिय भाईचारा तथा वन्धुत्व अभिवृद्धि गर्नको साथै एउटा उत्कृष्ट अन्तराष्ट्रिय फूटबलको आनन्द फूटवल प्रेमीहरुले लिन पाउने छन्। नेपालको खेल जगतलाई उत्कृष्टता तर्फ लैजान दृढ संकल्पीत रहेको नेपाल प्रहरीद्वारा आयोजित यो प्रतियोगिता नेपालको फुटवल खेलको ईति-हासमा कोसे ढुंगाको रुपमा स्थापित हुने छ।

*सातौं साफ खेल र नेपाल प्रहरी :*

दक्षिण एशियामा अवस्थित सात राष्ट्रहरु नेपाल, भारत, पाकिस्तान, बंगलादेश, माल्दीभ्स, श्रीलंका र भुटान बीच सन् १९८४ देखि शुरु भएको यस खेलकुद प्रतियोगितामा पनि हरेक पटक नेपालको पदक तालीका बृद्धि गर्नमा नेपाल प्रहरीको अहं भुमिका छ। यसै क्रममा भारतको मद्रास शहरमा भएको सातौं दक्षिण यशियाली खेलकुद प्रतियोगितामा नेपाल प्रह-रीका खेलाडीहरुले २ स्वर्ण लगायत कुल ११ पदकहरु प्राप्त गरे ।

यस वर्ष भरी नै फुटवलमा प्रहरीकै वर्चस्व रह्यो । लुन करणदास चौधरी गोल्डकप, मुनाल गोल्डकप, त्रिभुवन च्यालेन्ज शिल्ड, एन्फा कोकाकोला क्षेत्रीय फुटवल प्रतियोगितामा प्रह-री टिमले प्रथम स्थान हासिल गऱ्यो भने महात्मा बुद्ध गोल्डकप, सहिद तेज बहादुर अमात्य गोल्डकप र रुपक स्मृति फुटवल प्रतियोगितामा दोश्रो स्थान हासिल गरेको थियो ।

यसै गरी यस वर्षको ह्याण्डवल प्रतियोगिता पनि प्रहरी कै कब्जामा रह्यो । ह्याण्डवल तर्फ भक्तपुरमा संचालित उपत्यकाव्यापी खुल्ला प्रतियोगिता र राष्ट्रिय प्रजातन्त्र दिवसको उप-लक्ष्यमा नेपाल ह्याण्डवल संघद्वारा संचालित खुल्ला राष्ट्रिय ह्याण्डवलमा प्रहरी टिमले प्रथम स्थान प्राप्त गऱ्यो भने बांके जिल्ला ह्याण्डवल संघद्वारा संचालित राष्ट्रिय स्तरको खुल्ला ह्याण्ड-



*केन्द्रीय प्रहरी खेलकुदको विजेता टिमलाई शिल्ड प्रदान ।*
*Shield handed over to the winner of Central Police Games.*



वल प्रतियोगितामा प्रहरी टिम द्वितीय भएको थियो ।

भलिवल तर्फ पनि यस वर्ष प्रहरीले नै अधिपत्य जमायो । २०५२ साल पौष महिनामा *श्री ५ महाराजाधिराज सरकारको* स्वर्ण शुभ-जन्मोत्सव समारोह नागरिक मुल समितिद्वारा संचालित खुल्ला भलिवल प्रतियोगिता र प्रजातान्त्रिक युवासंघ नेपालको आयोजनामा संचालित खुल्ला प्रतियोगितामा प्रहरी टिम प्रथम भएको थियो ।

### *पर्वतारोहणमा नेपाल प्रहरी :*

नेपाल प्रहरीले पर्वतारोहण क्षेत्रमा सक्रिय भएको २ दशक पुरा भई सकेको छ । बि.सं.२०३३ सालमा नेपाल पुलिस माउण्टेनियरिङ एण्ड एडभेन्चर फाउण्डेशन स्थापना भएदेखि विभिन्न शिखरहरुको सफल आरोहण गर्नको साथै विश्वको सर्वोच्च शिखर सगरमाथा सफाई अभियान संचालन गरी प्रहरीले वातावरण स्वच्छ पार्ने वचनवद्धता पनि प्रष्ट गरेको छ । नेपाल प्रहरीले विदेशी पर्वतारोही दलहरुसंग मिलेर विभिन्न हिम शिखरहरु आरोहण गरी सकेको छ भने केहि शिखरहरु प्रहरी अधिकृत तथा जवानहरुले आफ्नै साधन श्रोतहरुबाट सफल आरोहण गरी यस क्षेत्रमा पनि प्रहरी दक्षता प्रमाणित गरि सकेका छन् । यसै क्रममा हालै मात्र नेपाल पुलिस माउण्टेनिएरिङ एण्ड एडभेन्चर फाउण्डेशनले जापानको टोकियो युनिभरसिटी अफ एग्रिकल्चर अलपाईन क्लवसंग मिलेर नेपालको पुर्व ताप्लेजुङ जिल्लामा पर्ने ७,३५० मिटर अग्लो गिभिगेला हिमालको सफल आरोहण गरेको छ ।

यस वर्ष मनाङ जिल्लामा पर्ने ७,०३५ मिटर अग्लो रत्नाचुली हिम शिखर आरोहण गर्न गएको नेपाल प्रहरी तथा सिन्सु युनिभर्सिटि जापानको संयुक्त पर्वतारोहण दलले सफलता पूर्वक आरोहण गरि सकेको छ ।

*साफ जुडो खेलमा स्वर्ण पदक विजेता प्र.ह. जीत बहादुर चौधरी*
*SAAF judo gold medal winner*
*Jit Bahadur Chowdhary*
*साफ जुडो खेलमा स्वर्ण पदक विजेता प्र.स.नि. वीर बहादुर राना*
*SAAF judo gold medal winner*
*Bir Bahadur Rana*





### *सातौ साफ खेल मा प्रहरीले प्राप्त गरेको पदकतालीका :*

| | | स्वर्ण | | रजत | | कास्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| *नं.* | *खेलकुद* | *कुल.* | *ने.प्र* | *कुल* | *ने.प्र* | *कुल* | *ने.प्र* | *ने.प्र.* | |
| १. | जुडो | ३ | २ | ३ | १ | २ | २ | ८ | ५ |
| २. | एथलेटिक्स | १ | - | २ | १ | १ | १ | ४ | २ |
| ३. | सुटिङग | - | - | - | - | १ | १ | १ | १ |
| ४. | बक्सिङ्ग | - | - | - | - | ९ | ३ | ९ | ३ |
| | जम्मा | ४ | २ | ५ | २ | १३ | ७ | २२ | ११ |

### *२०५२।२०५३ को खेलकुद उपलब्धीहरु :*

| | *स्वर्ण* | *रजत* | *कास्य* | *जम्मा* | |
|---|---|---|---|---|---|
| १. आठौं अधिराज्यव्यापी खुल्ला कराते प्रतियोगिता | २ | - | ४ | ६ | |
| २. दोश्रो शिव मेमोरियल अन्तराष्ट्रिय करांते प्रतियोगिता | | ५ | १ | १ | ७ |
| ३. द ग्रेट हिमालयन वन हण्ड्रेड प्रतियोगिता | १ | १ | १ | ३ | |
| ४. शुभ-जन्मोत्सव खुल्ला ताईक्वाण्डो प्रतियोगिता | - | १ | १ | २ | |
| ५. पांचौ अन्तराष्ट्रिय एभरेष्ट म्याराथुन प्रतियोगिता | १ | - | - | १ | |

# Sports and Nepal Police



Nepal Police has played a crucial role in the development of sports in Nepal. Nepal Police has regarded sports as a means for fostering goodwill, brotherhood in addition to physical fitness and health care.

